काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**

जलजला गाउँपालिकाले बिउ आलु उत्पादन गर्नेलाई नगद अनुदान दिने

**समाचार**

बाँकेको नेपालगन्जस्थित भेरी अस्पतालमा अब अनलाइनबाटै टिकट



**चर्च ब्वाइजलाई चुनौती दिन तयार पारो**

पारो एफसीका प्रशिक्षकले आफ्नो टोलीले यसपल्ट राम्रो तयारी गरेकाले एएफसी च्यालेन्ज लिगको प्लेअफमा सुखद प्रदर्शन गर्ने बताएका छन् ।

वर्ष १६, अंक १११, पृष्ठ ८, आइतबार २७ साउन २०८१, श्रावण शुक्लपक्ष सप्तमी, Sunday, 11 August, 2024, नेपाल संवत् ११४४, मूल्य- १०/- nagariknews.com



निर्मला कुर्मीलाई न्यायको माग राखेर काठमाडौंमा शुक्रबारदेखि धर्नारत महिला अधिकारकर्मी शनिबार दिउँसो वर्षा भएपछि प्लास्टिकको सहारामा पानी छल्दै । कुर्मी हत्यामा संलग्न भएको आरोप लागेका व्यक्तिलाई लुम्बिनी प्रदेश सरकारमा मन्त्री बनाइएको भन्दै उनीहरू पाँचौं चरणको आन्दोलनमा उत्रिएका हुन् । *तस्बिर : दीपेश दर्शनधारी/नागरिक*

# रासायनिक मलमा वार्षिक ३० अर्ब अनुदान

## कारखाना खोल्न चीनको चासो

वर्षमा करिब ४० अर्ब रूपैयाँ रासायनिक मल खरिदमा बिदेसिएकाले स्वदेशमै उद्योग स्थापना गर्न सके मुलुकको व्यापार घाटा न्यूनीकरणमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

**दिलीप पौडेल**

*काठमाडौं, साउन २६*

नेपालमा रासायनिक मल कारखानामा लगानी गर्न चीनले चासो देखाएको छ। मल कारखाना खोल्ने विषयमा करिब चार दशकयता छलफल हुँदै आए पनि त्यसले पूर्णता पाउन नसकिरहेको अवस्थामा बिआरआई परियोजनाअन्तर्गत मल कारखाना स्थापनामा सघाउन चीन सरकार तयार रहेको नेपालका लागि चीनका राजदूत छन सङले बताएका छन् ।

प्रमुख सञ्चारमाध्यमका सम्पादकहरूसँग बिहीबार साँझ भएको भेटमा चिनियाँ राजदूतले नेपालमा प्रचुर मात्रामा उपलब्ध बिजुली र पानी उपयोग गरेर मल कारखाना सञ्चालन गर्न सघाउने बताएका हुन्। कोइलाजस्ता इन्धन उपयोग गरी कारखाना चलाए परनिर्भरता कायमै रहने र प्रदूषण पनि हुने भएकाले नेपालमै उपलब्ध पानी र बिजुली मल उत्पादनमा उपयोग गर्न सकिने सुझाव उनको थियो। कारखानाका लागि पर्याप्त मात्रामा बिजुली र पानी चाहिने र त्यो नेपालमै उपलब्ध रहेको उनले बताए।

लगानी बोर्ड नेपालले स्वीकृति दिए एक वर्षभित्रै त्यस्तो उद्योग सञ्चालनमा ल्याउन सकिने उनको विश्वास छ। तर नेपालमा 'केही तत्त्वहरू'ले यस्तो हुन नदिन भूमिका खेल्न सक्ने आशंकासमेत उनले व्यक्त गरे।

नेपालमा वार्षिक करिब ४० अर्ब रूपैयाँ हाराहारीको रासायनिक मल आयात भइरहेको अवस्थामा चीनको यो चासोलाई महत्त्वका साथ हेरिएको छ। मल कारखानाको विषयमा पटक-पटक छलफल र चर्चा भए पनि त्यसले पूर्णता पाउन सकेको छैन।

सरकारले रासायनिक मलका लागि वार्षिक करिब ३० अर्ब रुपैयाँ हाराहारी अनुदान दिँदै आएको छ। सरकारले आव २०८०/८१ मा रासायनिक मलमा अनुदान दिन ३० अर्ब रूपैयाँ विनियोजन गरेको थियो। यसका लागि चालु आव २०८१/८२ मा २७ अर्ब ९५ करोड रूपैयाँ विनियोजन गरिएको छ। तर यो बजेटले पुग्ने देखिँदैन।

आगामी एक वर्षभित्र कारखाना स्थापनासम्बन्धी सम्पूर्ण काम पूरा गर्न चीन सरकार तयार रहेको जनाउ राजदूत छनले दिएका छन्। नेपालमा रासायनिक मल कारखानामा लगानी गर्न चीन मात्र नभएर गरिएको छ। रासायनिक मल कारखानाका लागि एक सय अर्ब रूपैयाँभन्दा बढी लागत लाग्ने भएकाले विदेशी लगानी आवश्यक छ।

लगानी बोर्डले मल उद्योग स्थापनाका लागि विभिन्न मोडलमा प्रस्ताव ल्याएको थियो। कतिपयले विद्युत् प्रयोग गरेर रासायनिक मल कारखाना सञ्चालन गर्न सकिने बताएका छन्। केहीले प्राकृतिक ग्यासमा आधारित रासायनिक मल उद्योग स्थापना गर्न सकिने




भारतको पनि चासो छ। किसानले समयमा मल नपाइरहेको अवस्थामा स्वदेशमै उत्पादन गर्न सकिने अवसर रहेको भन्दै रासायनिक मल कारखाना स्थापनामा नेपाल आयल निगमले पनि छलफल अघि बढाएको थियो। निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले रासायनिक मल कारखानालाई 'ड्रिम' परियोजनाका रूपमा अघि बढाउने गृहकार्य गरिरहेको बताउँदै आएका छन्। त्यसका लागि इन्डियन आयल कर्पोरेसन (आइओसी) सँग कुरा भइरहेको पनि उनले बताएका छन्। औपचारिकता नपाए पनि भारत सरकार स्वामित्वको आइओसीले लगानी गर्न चासो व्यक्त गरेको हो।

वर्षमा करिब आधा खर्ब रुपैयाँ रासायनिक मल खरिदमा बिदेसिएकाले स्वदेशमै उद्योग स्थापना गर्न सके मुलुकको व्यापार घाटा न्यूनीकरणमा टेवा पुग्ने अपेक्षा सुझाव दिएका छन्। सरकारले कस्तो उद्योग सञ्चालन गर्ने औपचारिक निर्णय भने गरेको छैन। करिब एक खर्ब रूपैयाँभन्दा बढी लगानी आवश्यक भएकाले विदेशी लगानीकर्ता, निजी क्षेत्र र सरकारी लगानीमा मल कारखाना सञ्चालन गर्न सकिने सरोकारावालाले बताउँदै आएका छन्।

केही वर्षअघि गरिएको एक अध्ययनपछि करिब एक खर्ब तीन अर्ब रूपैयाँ लगानीमा प्राकृतिक ग्यास प्रयोग गरेर रासायनिक मल कारखाना स्थापना गर्न सकिने रायसहितको प्रतिवेदन तयार पारिएको थियो। अहिले यो लागत बढ्न सक्छ। वाटर इलेक्ट्रोलिसिस प्रविधिमा आधारित मल कारखाना स्थापना गर्दा लागत महँगो पर्ने भन्दै प्राकृतिक ग्यासमा आधारित उद्योग खोल्नु उपयुक्त हुने एकथरीको तर्क छ।

*बाँकी पृष्ठ २*

# 'छिचोलियो' संक्रमणकालीन न्याय प्रक्रिया

**भाषा शर्मा**

*काठमाडौं, साउन २६*

संसद्मा संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन विधेयकको प्रक्रिया अघि बढिरहँदा नेताहरूले यसलाई राजनीतिक 'ब्रेक थ्रु' (छिचोलिएको) भनेका छन्। यो प्रक्रियालाई अघि बढाउन कार्यदलमा रहेर काम गरेका गृहमन्त्री रमेश लेखकले शनिबार द्वन्द्वपीडितका कुरा सुन्दै 'ब्रेक थ्रु' भएको दाबी गरेका हुन्।

१० वर्षे सशस्त्र द्वन्द्वका समयमा भएका गम्भीर मानवअधिकार उल्लंघनका घटनामा संलग्नलाई कानुनको कठघरामा ल्याउने गरी १८ वर्षपछि बल्ल प्रक्रिया अघि बढ्न लागेको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्यनिरूपण तथा मेलमिलाप ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक लामो समयपछि प्रक्रियामा जानुलाई पीडितले ठुलो कुरा भएको बताएका छन्। संशोधन विधेयकप्रति द्वन्द्वपीडितका झिनामसिना असन्तुष्टि त छँदैछन्। तर पनि विधेयक पारित भएपछि कार्यान्वयनका लागि पनि सरकारले चासो देखाउनुपर्ने उनीहरूको भनाइ छ। दुवै सदनबाट विधेयक पारित भएपछि सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका



संक्रमणकालीन न्यायमा देखिएको सम्भावना

सम्पादकीय, पृष्ठ ४

व्यक्तिको छानबिन आयोगमा पदाधिकारी नियुक्ति प्रक्रिया अगाडि बढ्नेछ।

गृहमन्त्री लेखकले पीडितको निरन्तरको अभियान र चासोले दलहरूलाई सहमतिमा पुग्न प्रेरित गरेको बताए। 'बन्दुक बोकेका, नबोकेका जो कसैलाई पनि बलात्कार भनेको गम्भीर अपराध हो। यसमा सजाय पनि घट्दैन,' उनले भने। सर्वोच्च अदालतका नजिर, फैसलाको अध्ययन, अन्तर्राष्ट्रिय कानुन, पीडितका मान्यतालाई ध्यानमा राखेर ऐन संशोधन विधेयक पारित हुने उनले बताए। 'योभन्दा राम्रो के हुन सक्छ ? यो पनि अगाडि बढ्न सकेन भने अर्को १० वर्ष बित्छ,' गृहमन्त्री लेखकले भने, 'अब सबै मिलेर, दृढ बनेर कार्यान्वयन गरौं। कार्यान्वयनमा सहयोग गर्नुस्।' उनले अहिलेको विधेयकका पक्षमा सबै पीडितलाई एकै ठाउँमा हुन आग्रहसमेत गरे। 'जुनसुकै पक्षबाट भए पनि पीडा एउटै हो। पीडामा पनि राजनीति हुन्छ र ?' उनले प्रश्न गरे। अबको प्रक्रिया बिथोलिएमा फेरि अर्को दशक लाग्ने उनले बताए।

'टिआरसी विधेयकमा भएको ऐतिहासिक उपलब्धि ऐन कार्यान्वयनमा द्वन्द्वपीडितहरूको सहभागिता' विषयक अन्तर्क्रियामा कार्यदलका सदस्य, पीडित, सरोकारवालालगायत उपस्थित थिए। गम्भीर मानवअधिकार उल्लंघनका पीडितको राष्ट्रिय सञ्जालले शनिबार अन्तर्क्रिया आयोजना गरेको हो। अन्तर्क्रियामा नेकपा एमालेका नेता एवं पूर्वमन्त्री अग्नि खरेलले संक्रमणकालीन न्याय परम्परागत कानुनभित्र नपर्ने बताए। 'शान्ति प्रक्रियाको एउटा काम अघि बढेको छ,' उनले भने।

*बाँकी पृष्ठ २*

## आज काठमाडौं आउँदै भारतीय विदेश सचिव मिस्री



काठमाडौं, साउन २६ (नागरिक)- भारतका विदेश सचिव विक्रम मिस्रीले आइतबारदेखि नेपालको दुई दिने (साउन २७ र २८ गते) औपचारिक भ्रमण गर्ने भएका छन्।

*बाँकी पृष्ठ २*

**पढ्नुहोस्**

nagariknews.com

www.nagariknews.com

# 'विद्युत् प्राधिकरणको बदमासी बाहिरिने डरले केही नेता आत्तिएका छन्'

**विनोद सुवेदी**

*विराटनगर, साउन २६*



> पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन सरकारले गरेका कामबारे नै लेखा समितिमा सांसदहरूले गम्भीर प्रश्न उठाउनुभएको छ।
>
> **ऋषिकेश पोखरेल**
>
> *सभापति,सार्वजनिक लेखा समिति*

सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलले विद्युत् प्राधिकरणभित्रको बदमासी बाहिरिने डरले केही व्यक्ति आत्तिएको बताएका छन्। पत्रकारहरूसँग कुरा गर्दै पोखरेलले वर्षौंदेखि विद्युत् प्राधिकरणभित्र भएका बदमासी बाहिरिने डरले केही व्यक्ति आत्तिएर आफूविरुद्ध अनर्गल प्रचारमा उत्रिएको दाबी गरे।

पोखरेलले विद्युत् प्राधिकरण र व्यापारीहरूबीचमा डेडिकेटेड र ट्रंक लाइनको विद्युत्को अतिरिक्त महसुलमा विवाद भएपछि सार्वजनिक लेखा समितिले छानबिन सुरु मात्रै गरेको बताए। 'सार्वजनिक लेखा समितिले हाल विद्युत् प्राधिकरण र व्यापारीबीच विवाद उत्पन्न भएपछि छानबिन मात्रै थालेको हो,' उनले भने, 'छानबिनले कुनै निष्कर्ष ननिकाल्दै किन आत्तिनुपऱ्यो ?' अहिलेको सरकारले भन्दा पनि पुष्पकमल दाहाल नेतृत्वको सरकारले गरेका कामका विषयमा नै लेखा समितिमा सांसदहरूले गम्भीर प्रश्नहरू उठाएको उनले बताए।

पोखरेलका अनुसार सांसदहरूले मुख्यतया व्यवसायीहरूका वकिलले ४५ मिनेट लगाएर गरेको बहस र लाल आयोगको प्रतिवेदन हुबहु हुनु, शब्द पनि, शैली पनि र माग पनि मिलेपछि दाहाल नेतृत्वको सरकारले व्यवसायीको सेटिङमा लाल आयोग निर्माण गरेको होइन भन्ने आधार के हो ? भनी प्रश्न गरे।

समस्या फरक छ, छुट्टै छानबिन होस् : उद्योगी

आर्थिक, पृष्ठ ६

*बाँकी पृष्ठ २*

# यी नौ दिन बागमतीमा हुन्छ दोब्बर पानी

**भुवन शर्मा**

*काठमाडौं, साउन २६*

मेलम्ची खानेपानी विकास समितिले यस वर्ष वर्षायाममा सहरी विकास मन्त्रालयबाट २० करोड लिटर सापटी लिइसकेको छ भने बाँकी १२ करोड लिटर पानी दसैं आसपासमा लिने भएको छ। यसरी सापटी लिएको पानी मेलम्चीले सुक्खा याममा बागमती विकास समितिलाई सोधभर्ना गर्छ।

असार अन्तिम सातादेखि साउन १० गतेसम्म मन्त्रालय मातहतको अधिकार सम्पन्न एकीकृत बागमती विकास समितिले मेलम्ची खानेपानी विकास समितिलाई पानी सापट दिएको थियो। बागमतीको धाप ड्यामबाट पानी सापटी दिने गरिएको छ। यो क्रम पोहोर पनि चलेको थियो। बागमती विकास समितिका अनुसार मेलम्ची खानेपानी विकास समितिले सोधभर्ना गरेको पानी नौवटा प्रमुख पर्वका दिन बागमती नदीमा छाडिन्छ,



जसबाट पानीको बहाव अघिपछिभन्दा दोब्बर बढी हुन्छ। बागमती विकास समितिका सिँचाइ युनिट प्रमुख निश्चल छतकुलीका अनुसार सुक्खा यामका प्रमुख नौ पर्व छठ, हरिबोधनी एकादशी, बाला चतुर्दशी, माघे संक्रान्ति, माधवनारायण मेला, शिवरात्रि, रामनवमी, नयाँ वर्ष र मातातीर्थ औंसीमा बागमतीमा पानीको बहाव बढाएर प्रतिसेकेन्ड चार सय लिटर पुऱ्याउने गरिन्छ। बागमती विकास समितिका अनुसार पोहोर यी पर्वहरूमा बागमतीमा पानीको बहाव बढाइएको थियो।

सुक्खायाममा सामान्यता बागमतीमा पानीको बहाव प्रतिसेकेन्ड एक सय ५० देखि दुई सय लिटर हुन्छ। बागमती विकास समितिका अनुसार बागमतीमा पानीको बहाव सबैभन्दा बढी साउन १५ देखि भदौ १५ सम्ममा र सबैभन्दा कम बहाव फागुन १५ देखि चैत १५ सम्म हुन्छ। साउन १५ देखि भदौ १५ सम्म गौरीघाटमा बागमतीको पानी ११ हजार तीन सय लिटर प्रतिसेकेन्ड हुने गर्छ।

गत जेठमा मेलम्ची खानेपानी विकास समिति, काठमाडौं उपत्यका खानेपानी लिमिटेड तथा बागमती विकास समितिबीच चारबुँदे सहमति भएको थियो। सहमतिपत्रमा मेलम्ची खानेपानी विकास समितिका सिनिएर डिभिजन इन्जिनियर वीरेन्द्र कँडेल, बागमती सुधार आयोजनाका आयोजना प्रमुख रवीन्द्र बोहरा र केयुकेलबाट प्रमुख कार्यकारी अशोक पौडेलले हस्ताक्षर गरेका थिए।

*बाँकी पृष्ठ २*



# ‘विद्युत् प्राधिकरणको बदमासी बाहिरिने डरले केही नेता आत्तिएका छन्’

पृष्ठ १ बाट

उनीहरूले प्राधिकरणले उठ्दै नउठेको आम्दानी, प्राप्त नभएको रकम आम्दानीमा गणना गरेर केहीको राजस्व पनि तिरेर प्राधिकरण कृत्रिम नाफामा रहेको भनेर सवाल पनि उठाएको उनले बताए। ‘१०-१५ वर्षदेखि प्राधिकरणले नयाँ आयोजनाबाट विद्युत् उत्पादन गरेको छैन।

प्राधिकरणले अरूले उत्पादन गरेको विद्युत् किनबेच गरेर कमिसन लिने काम मात्रै गरेको देखिएको छ,’ उनले भने, ‘कृत्रिम आम्दानी देखाएर प्राधिकरणको ठुलो घाटा छोपेको विषय उठेको छ। विद्युत् प्राधिकरणको स्रोत साधनको प्रयोग गरेर २२-२३ वटा सब कम्पनी खडा गरिएको देखिएको छ। १२-१३ वटा कम्पनीको अध्यक्ष त विद्युत् प्राधिकरणकै जिम्मेवार व्यक्तिहरू रहेको विषय पनि लेखा समितिमा उठेको छ।’



नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको समर्थनमा शनिबार काठमाडौंको माइतिघरदेखि बानेश्वरसम्म निकालिएको र्‍याली। *तस्बिर : दिपेश दर्शनधारी/नागरिक*

पोखरेलले देशभरिको प्राधिकरणसँग जोडिएका सामान किन्न प्राधिकरणका जिम्मेवार व्यक्तिका दाजुको ठेकदारी कम्पनीबाट मात्रै किन्नुपर्ने, प्राधिकरणका शाखा कार्यालयहरूले कुनै पनि सामान खरिद गर्न नपाउने, देशभरिको कुल बजेटबाट प्राधिकरणका जिम्मेवार पदाधिकारीका आफन्तकोबाट मात्रै किन्नुपर्ने अन्यत्र किन्न नपाइने विषय पनि माननीयहरूले उठाएको जानकारी दिए। पाँचवटा छानबिन समितिको प्रतिवेदनमा टिओटी डाटा मिटरको बिल दिए व्यापारीहरूले पैसा तिर्ने उल्लेख भएको लेखा समितिले जनाएको छ। टिओटी मिटरको बिल देखाउन प्राधिकरणसँग लेखा समितिले माग गरेको उनले सुनाए।

‘प्राधिकरणले ट्रकमा सामान ल्याएको सुनेको छु। हामीले मागेको बाहेक अन्य वस्तु हाम्रो सरोकारको होइन। सचिवालयलाई पनि चाहिनेबाहेकका कागजपत्र फिर्ता गर्न निर्देशन दिएको छु,’ उनले भने, ‘छलफल गर्दै आत्तिनुपर्ने कारण के हो ? छलफल गर्न दिनुस्। छानबिन गर्न दिनुस्। प्राधिकरणले गरेका कामको विषयमा छलफल र छानबिन नै गर्न नहुने हो र ? बदमासी गरेको छैन भने किन आत्तिनुपर्‍यो ? लेखा समितिमा अर्को पनि महत्त्वपूर्ण प्रश्न उठेको छ। त्यो लाल आयोग सेटिङमा बनेको हो। जसले व्यापारीलाई १६ अर्ब छुट दिने निर्णय गर्‍यो।’ महालेखाको प्रतिवेदनमा करिब २२ अर्ब रकम उठाउनुपर्ने देखिएको तर पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन सरकारले सेटिङमा लाल आयोग गठन गरी व्यापारीलाई १६ अर्ब छुट दिएको उनले बताए। ‘करिब २२ अर्ब उठाउनुपर्नेमा ८ अर्बको मात्रै बिल प्राधिकरणले पठाइएको छ,’ पोखरेलले भने, ‘यो विषयमा पनि लेखा समितिमा सांसदहरूले प्रश्न उठाएका छन्।’ यस्तो विषयमा तथ्य, कानुन र प्रमाणको शृंखला तयार गरेर समितिमा राख्ने र समितिका सदस्यहरूसँग छलफल गरेर निर्णय गर्ने पोखरेलले बताए।

**‘अब समितिको बैठक लाइभ हुन्छ’**

पोखरेलले सार्वजनिक लेखा समितिको अबका बैठक लाइभ हुने बताए। उनले दाहाल सरकार र कुलमान घिसिङले व्यापारीसँग सेटिङ गरेर १६ अर्ब छुट दिएको तर मलाई व्यापारीसँग मिल्यो, बाहिर निर्णय भयो भनेर अनर्गल प्रचार र चरित्र हत्या गरेर २०-५० जना मानिस आत्तीएर कराउँदै हिँडेकाले प्राधिकरणभित्र बदमासी छ भन्ने सहजै अनुमान गर्न सकिने उनको भनाइ थियो। पाँचवटा आयोगको प्रतिवेदन, प्राधिकरणको ऐननियम, प्रचलित कानुनहरू र महालेखाको प्रतिवेदनका आधारमा सांसदहरूले उठाएका प्रश्नहरूको निरूपण गरिने पोखरेलले बताए। ‘महालेखाले कायम गरेको बक्यौता व्यापारी होस्, कर्मचारी होस्, जोसुकै होस् कसैलाई पनि छुट दिँदैनौं। जो भए पनि तिर्नुपर्छ तिराउँछौं,’ पोखरेलले भने। उनले उद्योग बन्द गरेर हजारौं मजदुरलाई बेरोजगार बनाएर भन्दा उद्योग बन्द नगरी विद्युत्को महसुल उठाउने सरकारको नीतिअनुसार विद्युत्को लाइन जोड्न निर्देशन दिएको स्पष्ट पारे।

**‘कुलमानलाई हटाउने उद्देश्य छैन’**

सभापति पोखरेलले व्यवसायीसँग सेटिङ गर्‍यो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने प्रयास गरियो भन्ने विषय प्राधिकरणको बदमासी बाहिरिने डरले आत्तिएका व्यक्तिहरूले गरेको विज्ञापन मात्रै भएको पोखरेलको टिप्पणी छ। उनले भने, ‘महालेखाको प्रतिवेदनका आधारमा छानबिन केन्द्रित हुन्छ। बक्यौता देखिए ८ अर्ब हैन २२ अर्ब नै असुल्छौं।’ पोखरेलले कुलमान घिसिङसँग कुनै आग्रह पूर्वाग्रह आफूले नराखेको स्पष्ट पारे। पोखरेलले चोरको खुट्टा काट् भन्दा खुट्टा उचालेपछि शंका गर्ने ठाउँचाहिँ भएको बताए।

**‘लेखा समिति सभापति दाहालले दिएका होइनन्’**

प्रतिपक्षी दलका नेता पुष्पकमल दाहालले सार्वजनिक लेखा समितिको सभापति माग गरेको विषयमा पोखरेलले दाहालसँग निवेदन हालेर यो पद नपाएको टिप्पणी गरे। पोखरेलले दलहरूबीचमा भागबन्डा हुँदा एमालेको भागमा लेखा समिति परेको र एमालेले पठाएर आफू सभापति भएको स्पष्ट पारे। पोखरेलले शीर्ष नेताहरू बसेर हेरफेर गरे आफू बाधक नबन्ने स्पष्ट पारे।

पार्टीले फिर्ता बोलाए जुनसुकै बेला पनि पद छाड्न तयार रहेको उनले बताए। माओवादी केन्द्र सरकारमा हुँदा विगतमा तीन पटक सार्वजनिक लेखा समितिको सभापति माओवादीले नै लिएको इतिहास भएकाले अरूले चाहिँ छाडिहाल्नुपर्ने, अरूलाई चाहिँ नियम लाग्ने माओवादी केन्द्रलाई चाहिँ नलाग्ने भन्ने नहुने पोखरेलले स्पष्ट पारे।

# ‘छिचोलियो’ संक्रमणकालीन न्याय प्रक्रिया

पृष्ठ १ बाट

कतिपय घटना स्विकार गरेर भविष्यप्रति सोच्न पनि उनले पीडितलाई आग्रह गरे। कार्यदलका सदस्य नेकपा माओवादी केन्द्रका नेता जनार्दन शर्माले पीडितहरूको पीडा सम्बोधन गर्नेगरी विधेयक संशोधन हुन लागेको बताए। ‘एकाध कुराबाहेक संशोधन विधेयक पीडितकेन्द्रित नै भएको छ। यसबाट समग्र शान्ति र स्थिरता ठुलो योगदान पुग्नेछ,’ उनले भने। शान्ति प्रक्रियामा नेपालको मौलिकतासँगै अन्तर्राष्ट्रिय मान्यता पनि जोडिने भएकाले अरूलाई सिकाउन सक्नेगरी काम भएको उनले बताए।

पीडितहरूले आफूहरूले पूर्णरूपमा न्याय पाउन नसक्ने हो कि भन्ने आशंका प्रकट गरे। कतिपय पीडितले विधेयकमा राजनीतिक सहमति भएकाले न्याय पाउने आशा पलाएको बताए। कतिपयले विधेयकमा सुरक्षाकर्मीलाई पनि समेटिएको विषयमा नेताहरूसँग कारण मागे। कतिपयले विधेयक पारित भएपछि दुई आयोगमा नियुक्त हुने पदाधिकारी र कानुन कार्यान्वयनको विषयमा चासो व्यक्त गरे। ‘मेरो बुबा बेपत्ता हो। राज्यले खोजेर ल्याएर दिन सक्दैन। तर विधेयक पारित प्रक्रियामा लगेर सरकार केही जिम्मेवार बन्न खोजेको महसुस भैरहेको छ,’ द्वन्द्वपीडित केशव खनालले भने, ‘अब राज्यले तुरुन्त आयोग बनाएर काम अघि बढाउनुपर्छ।’ द्वन्द्वकालमा बलात्कृतबाट जन्मिएका बालबालिकाको राज्यले कसरी अभिभावकत्व लिन्छ र मानसिक रूपमा विक्षिप्तलाई कसरी सम्बोधन गर्न सक्छ भन्ने पीडितहरूको प्रश्न थियो।

द्वन्द्वपीडित गीता रसाइलीले दुई आयोगमा पीडितको पनि दाबी रहेको बताइन्। ‘कस्ता खालका आयुक्त आउँछन्। पीडितको पनि आयुक्तमै दाबी छ। पीडितको सहभागिता हुन जरुरी छ,’ उनले भनिन्। त्यसैगरी सुशीला चौधरीले आफूहरू विधेयक पारित भएपछि कार्यान्वयनमा सहयोग गर्न तयार रहेको तर त्यसका लागि सरकारले विश्वासको वातावरण बनाउनुपर्ने टिप्पणी गरिन्। उनले दलहरूले प्रतिबद्धता जनाउने र काम नगर्ने यसअघिको उदाहरण दिँदै आलोचनात्मक सहयोग रहने बताइन्।

नेकपा माओवादी केन्द्रका नेता खिमलाल देवकोटाले विश्वभरि द्वन्द्वका विषयमा पूर्णरूपमा क्षतिपूर्ति हुन नसकेको घटना सुनाए। जतिसक्दो यो विधेयकमा समेटने प्रयास गरिएको र आइन्दा यस्तो खालको अवस्था भोग्न नपरोस भन्ने प्रतिज्ञा भएको उनले बताए। ‘सम्पूर्ण कुरा प्राप्त गर्न सकिँदैन तर अधिकतम प्रयास भएको छ’, देवकोटाले भने, ‘दलबीचको एकताको जगमा टेकेर यो समस्याको समाधान गर्नुपर्छ। समाधानको वातावरण भत्काउन कतै कतै खिचडी पाकिरहेको हुन सक्छ।’

द्वन्द्वपीडित साझा चौतारीका पूर्वअध्यक्ष भागीराम चौधरीले विधेयकमा पीडितका अजेन्डा सम्बोधन भएकाले पारित भए आफूहरूले एकार्यान्वयनमा सहयोग गर्ने बताए। उनले परिपूरणमा पीडितको अधिकार स्थापित गर्नु ठुलो कुरा भएको बताए। ‘भुइँतहका पीडितका कुरालाई जोड दिएर आवाज उठाएका थियौं। गम्भीर मानव अधिकार उल्लंघनका घटनामा माफी नदिने कुरा पनि राम्रो भयो,’ उनले भने, ‘संक्रमणकालीन न्यायमा सांकेतिक सजाय पनि न्याय हो। कसैलाई सामाजिक रूपमा बहिष्करण गर्नु, राजनीतिक रूपमा अयोग्य बनाइदिनु पनि न्याय हो।’

संक्रमणकालीन न्याय फौजदारी न्यायभन्दा फरक भएको उनले बताए। ‘सामाजिक न्याय, आर्थिक, सांस्कृतिक न्याय, राज्य व्यवस्था परिवर्तनसँग जोडिएर आउने परिवर्तनलाई न्यायका रूपमा बुझ्नुपर्छ। एकोहोरो न्याय मात्रै भनेर हुँदैन,’ चौधरीले भने।

अब कार्यान्वनयको पाटोमा चासो राख्नुपर्ने उनको भनाइ थियो। आयोगमा जाने व्यक्तिले राजनीति, समाज, संक्रमणकालीन न्याय बुझेको हुनुपर्ने उनले बताए। ऐन संशोधनमा राजनीतिक इच्छाशक्ति देखिएकाले कार्यान्वयनमा सघाउनुपर्ने उनको भनाइ छ।

२०६३ मंसिर ५ मा बृहत शान्ति प्रक्रिया भएको थियो। शान्ति प्रक्रियाका मुख्य तिनवटा काम थिए। संविधान लेखन, सेना समायोजन र संक्रमणकालीन न्याय। तीमध्ये दुई काम लगभग समयमै सकिए तर तेस्रो काम निकै लम्बियो। शान्ति सम्झौतापछि संविधानसभाको चुनाव सम्पन्न भएको ६ महिनाभित्र शान्ति प्रक्रियाका सबै काम स

# भक्तपुरमा विपद्को मुख्य कारण ‘प्लटिङ’

**कृष्ण किसी**

*भक्तपुर, साउन २६*

भक्तपुरमा वर्षायाममा विपद् आउनुको मुख्य कारण जथाभाबी गरिएको ‘प्लटिङ’ रहेको जनाइएको छ। मुख्य राजनीतिक दलका नेताहरू त्यसमा एकमत देखिएका छन्। जताततै प्लटिङ हुँदा प्रत्येक वर्ष बर्खामा विपद् आउने गरेको उनीहरूको भनाइ छ। प्लटिङका कारण माटो उत्खनन हुने र पछि बर्खामा बगेर पहिरो, भूक्षय भएर विपद् निम्तिने गरेको उनीहरूको निष्कर्ष छ।

नेकपा एमालेका जिल्ला अध्यक्ष वचन देउजाल विपद् न्यूनीकरण गर्न जग्गा एकीकरणका कार्यहरूलाई व्यवस्थित गर्नुपर्ने खाँचो औंल्याए। प्राकृतिक रूपमा विपत्ति नआउने गरी स्पष्ट मापदण्ड बनाएर मात्रै जग्गा एकीकरण आयोजना सञ्चालन गर्न दिनुपर्छ, नेपाल प्रेस सोसाइटीले भक्तपुर डुबानको समस्या र समाधानको उपाय विषयमा शनिबार भक्तपुरमा गरेको अन्तर्क्रियामा उनले भने, ‘यसो नगरीकन विपद् उन्मूलन गर्छु भन्नु असम्भव हुन्छ।’ हरियो वन नेपालको धन भन्ने राष्टिय नारा भए पनि भक्तपुरक जंगलहरूतिर जाँदा वन जंगल नभई प्लटिङ देखिने उनले जानकारी गराए। ‘डाँडाका टुप्पाटुप्पामा पनि प्लटिङ गरिएको छ, हेर्दै डरलाग्दो,’ उनले भने।

नेकपा माओवादी केन्द्र भक्तपुरका अध्यक्ष सुनिले गोठे बासुले प्लटिङलाई पटकपटक अनुगमन गरी रोके पनि निरन्तर जारी रहनु दुःखको विषय भएको बताए। उनले जिल्ला व्यवस्थापन समिति भक्तपुरले यस विषयमा जति गरे पनि उपलब्धि हासिल हुन नसकेको स्वीकार गरे। ‘जिल्ला विपद् व्यवस्थापन समितिमा जिल्लाका विभिन्न राजनीतिक दलका एकएक जना संयोजक राखेर पनि काम गरियो तर प्लटिङकै कारण विपद् निरन्तर हुँदै आएको छ,’ उनले भने।

जिल्लाका चार नगरपालिकामध्ये सूर्यविनायक र चाँगुनारायण पहाडी क्षेत्रमा छन्। पछिल्लो पटक नयाँ नगरपालिकाका रूपमा घोषित यी नगरपालिकामा घना बस्ती हुन पाएको छैन। यी खुला ठाउँहरूमा निजी रूपमा जताततै प्लटिङ भइरहेका छन्। यहाँका कुनै वडा छैन होला जुन वडामा प्लटिङ नभएको होस्। कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का जिल्ला सभापति रामेश्वर बस्नेतले प्लटिङकै कारण २० फिट गहिरो खोला पनि पाँच फिट गहिरोमा सीमित भएको देखिएको बताए। प्लटिङ भएका जग्गाका माटोहरू बर्खाको बेला बगाएर ल्याउँदा खोलाको सतह घटेको र यही कारण बाढी आउने गरेको उनको भनाइ छ।

जनता समाजवादी पार्टी (जसपा) का जिल्ला अध्यक्ष राजाराम ढुकुछूले भक्तपुरमा २०४५ सालदेखि नै विपद्को समस्या सुरु भएको र यो समस्या अहिले पनि जस्ताको तस्तै नै रहेको सुनाए। कार्यक्रममा प्राकृतिक प्रकोप विपद्का बेला सबै राजनीतिक दलहरू मिलेर अगाडि बढ्न तयार रहेको प्रतिबद्धता उनीहरूले व्यक्त गरेका थिए।

## रासायनिक...

अर्कोथरीले नेपालमा विद्युत् खपत बढाउनका लागि पानी र बिजुलीमा आधारित रासायनिक मल उद्योग खोल्नुपर्ने धारणा राख्दै आएका छन्। वाटर इलेक्ट्रोसिस प्रविधिमा आधारित कारखाना स्थापना गर्न १ खर्ब ८९ अर्ब रूपैयाँ लाग्ने अनुमान गरिएको थियो। थर्मोकोल प्रविधिमा आधारित कारखाना स्थापना वातावरणीय दृष्टिले उपयुक्त नहुने राय छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको रासायनिक मल कारखानासम्बन्धी परियोजनामा कुल लागतको ६५ प्रतिशत ऋण र सरकार, निजी क्षेत्र र विदेशी साझेदारको ३५ प्रतिशतमा लगानीमा उद्योग स्थापना गर्न सकिने खाका तयार भएको थियो। २०७७ सालमा पिपिपी मोडलमा रासायनिक मल उद्योग स्थापना गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सिफारिस गरेको थियो। अर्थ मन्त्रालयका सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव र कृषि मन्त्रालयका सचिवसहितको टोलीले २०७७ सालमा रासायनिक मल उद्योग सञ्चालन गर्नेबारेमा प्रतिवेदन तयार गरेको थियो।

आर्थिक वर्ष २०७०/७१ मा तत्कालीन अर्थमन्त्री शंकरप्रसाद कोइरालाले रासायनिक मल कारखाना स्थापना गर्न विस्तृत सम्भाव्यता अध्ययन गर्न बजेट व्यवस्था गरेको घोषणा गरेका थिए। त्यसैगरी आव २०७३/७४ को बजेटमा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले रासायनिक मल कारखाना खोल्न स्वदेशी-विदेशी लगानीकर्तालाई प्रोत्साहन गर्ने नीति लिएको बताएका थिए। त्यसैगरी तत्कालीन समयमा पौडेलले ल्याएको बजेटलाई प्रतिस्थापन गर्दै अर्थमन्त्री जनार्दन शर्माले ल्याएको बजेटमा पनि नेपालमा रासायनिक मल कारखाना खोलिने उल्लेख थियो। २०४१ सालमै नेपालमा रासायनिक मल कारखाना स्थापना गर्न अध्ययन भएको सरकारी अधिकारी बताउँछन्। तत्कालीन समयमा जापानी सहयोग नियोग (जाइका) ले अध्ययन गरेको थियो। विश्वमा रासायनिक मल उत्पादनका लागि प्राकृतिक ग्यास, थर्मोकोल र वाटर इलेक्ट्रोसिस प्रविधि प्रचलनमा छन्।

ग्यास, बिजुली र कोइलाको प्रयोग गर्ने मोडलमा अध्ययन भएको थियो। लगानी बोर्डको अध्ययन प्रतिवेदनमा धनुषाको ढल्केवर, उदयपुरको जलजले र नवलपरासीको बर्दघाटमा रासायनिक मल उद्योग सञ्चालन गर्न सकिने सुझाव दिइएको थियो। भारतीय कम्पनी डेभलपमेन्ट कर्पोरेसन (कर्नाटक) लिमिटेडले इन्स्टिच्युसन अफ एग्रिकल्चरल टेक्नोलोजिस्ट (आइएटी) र नेपाली साझेदार साह कन्सल्ट इन्टरनेसनलले सम्भाव्यता

पृष्ठ १ बाट

अध्ययन गरी प्रतिवेदन तयार गरेका थिए। मल उद्योग सञ्चालनमा ल्याए व्यापार घाटा न्यूनीकरण गर्न सहयोग पुग्छ। किसानले समयमा मल पाउँछन्। अहिले बाली लगाउने बेलामा सरकारले मल उपलब्ध गराउन नसकेको भन्दै आलोचना हुने गरेको छ।

## यी नौ...

जसमा धाप ड्यामको पानी सुन्दरीजल पानी प्रशोधन शाखामार्फत केयुकेएललाई प्रवाह गर्ने र उक्त प्रवाह गरिएको पानी सुक्खा याममा सुन्दरीजल पानी प्रशोधन शाखाको ३० नम्बर गेटबाट मेलम्चीको पानी शोधभर्नास्वरूप बागमतीमा प्रवाह गर्ने सहमति छ।

वर्षायाममा बढी वर्षा भएको समयमा मेलम्चीको ढोका बन्द हुने भएकाले उपत्यकामा पानी अभाव हुन्छ। यही बेला बागमती नदीको उद्गमस्थल धाप ड्याममा क्षमताअनुसार पानी संकलन हुन्छ। विकास समितिका अनुसार खासगरी सुक्खा यामको नौ महिना बागमती नदीमा पानी चाहिएको हुन्छ। तर वर्षायाममा भने बागमतीमा चाहिनेभन्दा बढी पानी हुन्छ। बागमती विकास समितिका सिँचाइ युनिट प्रमुख छतकुलीले भने, ‘त्यसैले बागमती र मेलम्चीबीच पानी साटफेर गर्ने गरेका छौं।’ मेलम्चीले गत जेठ १८ गते बागमतीलाई चिठी लेखेर आगामी वर्षा याममा वर्षाका कारण मेलम्चीको पानी बन्द हुने भएकाले धाप ड्यामको पानी हाल ३२ करोड लिटर पानी अधिकतम चार सय लिटर प्रतिसेकेन्डका दरले सुन्दरीजल पानी प्रशोधन शाखामा प्रवाह गर्न प्रस्ताव गरेको थियो। वर्षाले मेलम्ची टनेल बन्द भएपछि धाप ड्यामको पानी उपलब्ध गराउन प्रस्ताव गरिएको थियो।

छतकुलीका अनुसार धाप ड्याममा हाल करिब १ अर्ब लिटर पानी छ। यसको अधिकतम क्षमता १ अर्ब ४६ करोड हो। धाप ड्याममा न्युनतत ७० करोड लिटर हुन आवश्यक छ। धाप ड्याम बागमती नदीको सहायक नदी बागमतीको उद्गम स्थल हो। यहीबाट बागमती सुरु हुन्छ।

## आज...

नयाँ दिल्लीस्थित भारतीय विदेश मन्त्रालयद्वारा शुक्रबार दिइएको जानकारीअनुसार विदेश सचिव मिस्रीको भ्रमणले दुई देशबीच नियमित उच्चस्तरीय भेटघाटको परम्परालाई निरन्तरता दिनुका साथै भारतको ‘छिमेकी पहिलो’ नीतिअन्तर्गत नेपालसँगको सम्बन्धलाई दिएको प्राथमिकतालाई प्रतिबिम्बित गर्ने बताइएको छ।

भारत सरकारको सहयोगमा नेपालमा ठुला पूर्वाधार तथा कनेक्टिभिटी परियोजनाहरू सम्पन्न हुनुका साथै नयाँ परियोजनाहरू अघि बढिरहेको भन्दै भारतीय विदेश मन्त्रालयले यसबाट पछिल्ला वर्षहरूमा दुई देशबीचको द्विपक्षीय सहकार्य अझ मजबुत भएको पनि दाबी गरेको छ। ‘हाम्रो द्विपक्षीय सम्बन्धलाई अझ अघि बढाउन विदेश सचिवको भ्रमण अवसर हुनेछ,’ मन्त्रालयद्वारा जारी जानकारीमा भनिएको छ।

# बंगलादेशका प्रधानन्यायाधीशद्वारा राजीनामा

काठमाडौं, साउन २६ (नागरिक)- आन्दोलनकारी विद्यार्थीहरूले शनिबार सर्वोच्च अदालत घेराउ गरेपछि बंगलादेशका प्रधानन्यायाधीश ओबाइदुल हसनले राजीनामा दिएका छन्।



आन्दोलनकारी विद्यार्थीले सर्वोच्च अदालत परिसरमा प्रदर्शन गर्दै प्रधानन्यायाधीशसहित पुनरावेदन अदालतका न्यायाधीशहरूको पनि राजीनामा माग गरेको समाचार संस्था एपीले जनाएको छ।

विद्यार्थीले सर्वोच्च अदालत घेराउ गरी पदबाट हट्न माग गरेसँगै प्रधानन्यायाधीश हसनले राजीनामा दिएका हुन्।

पूर्वप्रधानमन्त्री शेख हसिनाको पक्षमा हुनेगरी प्रधानन्यायाधीश हसनले काम गरिरहेको आरोप लगाउँदै विद्यार्थीहरूले सर्वोच्च अदालत घेराउ गरेर शनिबार दिउँसो १ बजेभित्र राजीनामा गर्न अल्टिमेटम दिएका थिए। नोबेल पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा आन्दोलनकारी विद्यार्थीसमेत सहभागी १७ सदस्यीय अन्तरिम सरकार बिहीबार गठन भएको थियो।

यसैबीच प्राप्त समाचार अनुसार बंगलादेशका राष्ट्रपतिले त्यहाँको नयाँ प्रधानन्यायाधीशमा सइद रेफात अहमदलाई नियुक्त गरेका छन्।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Highway Supervision and Monitoring Office
**Road Division, Doti**
**Invitation for Bids**
*Notice No: 02-RDDOT/2081/082*
**Date of First Publication: 2081/04/27**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division Doti invites open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S.N. | Contract No. | Name of work | Cost Estimate (NRs) without VAT and PS | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDDOT/337011384/ 2081/82-002 | Structure works along Faltude Gaira Section | 12,765,962.04 | 330,000.00 | 3,000.00 |
| 2 | RDDOT/337011384/ 2081/82-003 | Improvement Works along Gaira Syaule Section of Mahakali Highway | 12,765,835.68 | 330,000.00 | 3,000.00 |
| 3 | RDDOT/337011384/ 2081/82-004 | Improvement Works along Syaule- Anarkholi Section of Mahakali Highway | | 860,000.00 | 5,000.00 |
| 4 | RDDOT/337011384/ 2081/82-005 | Roadside structure works along Seti Highway CH 0+000 to 65+000 | 12,612,494.66 | 320,000.00 | 3,000.00 |
| 5 | RDDOT/337011384/ 2081/82-006 | Improvement Works along Silgadhi- Chaukhutte Road, Doti CH 0+000 to 41+000 | 12,763,258.17 | 320,000.00 | 3,000.00 |
| 6 | RDDOT/337011364/ 2081/82-007 | Road Safety works on Mahakali Highway, Seti Highway and Silgadhi Chaukhutte Road | 8,082,217.99 | 210,000.00 | 3,000.00 |
| 7 | RDDOT/337310113/ 2081/82-008 | Periodic Maintenance of Midhill Highway NH 03 (Seti Highway), Chainage 1602+210 to 1610+220 | | 570,000.00 | 5,000.00 |
| 8 | RDDOT/337011694/ 2081/082-009 | Structure works along Gaibade Kurmulle Saleta Road Dadeldhura | 8,510,408.10 | 220,000.00 | 3,000.00 |
| 9 | RDDOT/337011694/ 2081/082-010 | Structure works along Jogbudha Sirsha Rupal Road, Dadeldhura | 8,508,144.20 | 220,000.00 | 3,000.00 |
| 10 | RDDOT/337011694/ 2081/082-011 | Roadway Excavation & Structural Works along Amargadhi 3 to Bhageshwor Chulla Road, Dadeldhura | 8,510,906.26 | 220,000.00 | 3,000.00 |
| 11 | RDDOT/337011694/ 2081/082-012 | Roadway Excavation and Structure Works along Ghatalthan Pathroda Larada Koteuda Kurchhe to Jogabudha Road, Dadeldhura | 8,467,512.29 | 220,000.00 | 3,000.00 |
| 12 | RDDOT/337011694/ 2081/082-013 | Roadway Excavation and Structure Works along Bhatkada Badal Rel Road, Dadeldhura | 8,425,576.96 | 220,000.00 | 3,000.00 |
| 13 | RDDOT/337011694/ 2081/082-014 | Roadway Excavation and Structure works along Kalagad Chhadimandau Mudbhara Road, Doti | 8,467,383.63 | 220,000.00 | 3,000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Doti or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.
4. All the rights to accept or reject the bid partially or fully are reserved to Road Division, Kulpate, Doti without giving any reason/justification.

**Division Chief**




दलितका लागि दलित अभियान नेपालले शनिबार माइतीघर मण्डलमा गरेको प्रदर्शन। *तस्बिर : दिपेश दर्शनधारी/नागरिक*

# धार्मिक पर्यटनको केन्द्र बन्दै तनहुँको च्यवनधाम

दमौली (तनहुँ), साउन २६ (रासस)- शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीस्थित मुक्तिनाथ च्यवनधाम 'मिनी मुक्तिनाथ' को रूपमा विकास हुन थालेको छ। मुक्तिनाथको झल्को दिने गरी यहाँ पूर्वाधार निर्माण गरेपछि च्यवनधाम धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास हुन थालेको हो।

च्यवनधाम परिसरमा निर्माण गरिएका शुक्लेश्वर महादेवको मन्दिर, आसपासमा सूर्य नारायण, लक्ष्मी नारायण, दुर्गा भवानी र गणेशको मन्दिरले यहाँ आउने भक्तजनलाई आकर्षित गर्ने गरेको च्यवनधामका अध्यक्ष होमनाथ लम्सालले जानकारी दिए। साथै मुक्तिनाथको झल्को दिने १०८ ओमकार कल्पवृक्ष, १०८ शवलिंग, मोक्षकुण्ड, वृद्धाश्रम, पार्कलगायत संरचना निर्माण गरिएको छ।

बौद्ध धर्मावलम्बीलाई लक्षित गरी बौद्ध गुम्बा पनि यहाँ निर्माण गरिएको लम्सालले बताए। बौद्ध धर्मावलम्बी आगमन बढाउने, धार्मिक सहिष्णुता कायम गराउने उद्देश्यले गुम्बा बनाइएको भन्दै गुम्बाले एकअर्काको धर्मलाई सम्मान गर्नुपर्छ भन्ने सन्देश प्रवाह गरेको उनले उल्लेख गरे। च्यवनधामका अध्यक्ष लम्सालले भने, 'यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित स्थानीयवासी लागिपरेका छन्। यसलाई धेरैले मिनी मुक्तिनाथको रूपमा चित्रण गर्ने गरेका छन्।' यहाँ नयाँ वर्ष, साउने सोमबार, कृष्ण जन्माष्टमी, बालाचतुर्दशी र शिवरात्रिमा भक्तजनको घुइँचो लाग्ने गर्दछ।

प्रत्येक वर्षको साउनमा यहाँ शिवपुराण लगाउने गरिन्छ। च्यवनधाममा रहेको शुक्लेश्वर महादेवको मन्दिरमा पूजाअर्चना गरेपछि सन्तान नभएकालाई सन्तान प्राप्ति हुने जनविश्वास रहेको छ। च्यवनधामका उपाध्यक्ष अस्मिता खनालले यस ठाउँ साझा धार्मिक आस्थाको केन्द्रका रूपमा परिचित रहेको बताए। उनले भने, 'सुन्दर धार्मिक सांस्कृतिक संरचना, पर्यटकीय आकर्षकका बिम्बहरू, ज्येष्ठ नागरिक आश्रम, बेसहारा छाडिएको गाईहरूको संरक्षण गर्न स्थापित गौ संरक्षण केन्द्रको व्यवस्थापकीय जिम्मेवारी यसै धामले ग्रहण गरिरहेको छ।'

शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले मिनी मुक्तिनाथको रूपमा विकास भइरहेको यस ठाउँमा पूर्वाधार विस्तार गरी पर्यटन प्रवर्द्धन गर्न नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाए। उनले भने, 'यस ठाउँलाई धार्मिक पर्यटकीयस्थल बनाउनुपर्छ भनेर स्थानीय जागरुक बनेका छन्, अहिले यसले एउटा स्वरूप पाएको छ। यसको प्रवर्द्धनका लागि नगरपालिका सहकार्य गर्न सदैव तयार छ।' पूर्वमन्त्री आशा कोइरालाले विगतमा एक्लै मान्छे हिँड्न डराउने यस ठाउँ आज धार्मिक गन्तव्यस्थल बन्न सकेकाले यसको सम्पूर्ण श्रेय स्थानीयवासीलाई जाने उल्लेख गरे। च्यवनधाम र गौ संरक्षण केन्द्रको एकीकृत विकास एवं प्रवर्द्धनका लागि गत सोमबारदेखि धार्मिक महोत्सव आयोजना गरिएको छ। यही साउन २८ गतेसम्म सञ्चालन हुने सप्ताहव्यापी धार्मिक महोत्सवमा पण्डित बालकृष्ण अर्यालले कथावाचन गरिरहेका छन्।

**यसरी फेरियो स्वरूप**

पृथ्वी राजमार्ग नजिकै छ सेती नदीको किनार। जताततै ढुङ्गैढुङ्गा। दिउँसो पनि एक्लै हिँड्न डराउनुपर्ने अवस्था थियो। नदीको तिरसम्म पुग्नलाई साँघुरो गोरेटो थियो, मुस्किलले आउजाउ गर्न सकिने। उराठलाग्दो देखिने गाछेपानीस्थित सेती नदी ढुङ्गाले भरिएका किनारको स्वरूप एक दशकमा फेरिएको छ। दिउँसै डरलाग्दो नदी छेउको थुम्को पवित्रधाम बनेसँगै सुन्दर मनि निर्माण गरिएको छ।

शुक्लागण्डकी-२ गाछेपानीका स्थानीयले एक दशकमा च्यवनधामलाई परिवर्तन गरी सुन्दर, रमणीय धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गरेका छन्। एक्लै हिँड्न पनि डरलाग्ने साघुँरो ठाउँ फेरिएर यति सुन्दर र फराकिलो पर्यटकीय गन्तव्य बन्ला भन्ने गाछेपानीवासीले सोचेका पनि थिएनन्। अहिले यही किनारको स्वरूप फेरिएको छ।

गाछेपानीवासीको एकताले यस ठाउँलाई तनहुँकै चर्चित धार्मिकस्थल बनाउन सफल भएको हो। नदी छेउको थुम्को मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम (मिनी मुक्तिनाथ) को नामले चिनिएको छ। यो ठाउँ भगवान् शिवजीप्रति आस्थावान् हुने भक्तजनको आकर्षणको केन्द्र बन्दै गएको च्यवनधामका अध्यक्ष लम्सालले बताए। उनका अनुसार हिन्दू धर्मको मात्र नभई च्यवनधाम बौद्ध धर्मावलम्बीको पनि आस्थाको थलो हो।

२०६५ सालमा नदीकिनारमा रहेको यो जग्गा पहुँचवालाले कब्जामा लिन खोजेपछि यस स्थान परिवर्तन भएको च्यवनधामका अध्यक्ष लम्सालले बताए। 'यहाँको २३ रोपनी जग्गा हडप्न खोजिएको थियो। गण्डकीको तिरसम्म पुग्ने बाटो पनि नहुने भएपछि संरक्षणमा हामी लाग्यौं,' उनले भने, 'जग्गा संरक्षण गर्न भुलभुले बाराही एकता समाजले वृक्षरोपण गर्‍यो। यहीको पुनमगर समाजले तारबार लगायो। पुन मगर समाजले तारबारमा साथ दिनुको कारण उनीहरूको अन्तिम घर अर्थात् चिहान त्यही आडैमा थियो।'

जग्गा संरक्षणको दुई वर्षपछि २०६७ सालदेखि काठमाडौं बस्दै आएका ऋषिगुरु श्रीराम पौडेलसँग स्थानीयको सम्पर्क भएपछि उनले सेतीको किनारमा तपोभूमि भएको सुनाएका थिए। उनले शुक्लागण्डकी क्षेत्र च्यवन ऋषिको तपोभूमिका रूपमा रहेको पनि सुनाएपछि स्थानीयको पहलमा पूर्वाधार निर्माण थालिएको अध्यक्ष लम्सालले जानकारी दिए।

२०६७ साल कात्तिकमा मन्दिरसहितका पूर्वाधार निर्माण गर्न लालप्रसाद गर्तौलाको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरिएको थियो। माघमा यो क्षेत्रलाई श्री मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम नामकरण गरिएको अध्यक्ष लम्सालले उल्लेख गरे। समितिले यहाँ मन्दिरसहित पूर्वाधार निर्माण गर्न आर्थिक संकलन गर्ने उद्देश्यले सोही वर्षको चैत १० गतेदेखि १७ गतेसम्म सञ्चालन गरेको महायज्ञमा एक करोड ५० लाख रकम सङ्कलन भएको थियो। त्यसपछि मन्दिरमा पूर्वाधार निर्माणको क्रम सुरु भएको थियो।

महायज्ञ लगाएको ६ महिनापछि मन्दिर शिलान्यास गरिएपछि पूर्वाधार निर्माणको चरण सुरु भएको थियो। मन्दिर क्षेत्रमा एक दशकको अवधिमा तीन करोडभन्दा बढी पूर्वाधार निर्माणमा लगानी भइसकेको अध्यक्ष लम्सालले जानकारी दिए। गण्डकी प्रदेश सरकारको लगानीमा २५ लाख खर्च गरी यहाँ रहेको एक सय आठ धाराको माथिपट्टि कृत्रिम हिमाल निर्माण गरिएको छ। कृत्रिम हिमाल बनाएपछि मन्दिरमा आन्तरिक पर्यटकको सङ्ख्या बढ्न थालेको उनले उल्लेख गरे।

यही बाटो भएर तनहुँको प्रसिद्ध धार्मिकस्थल ढोरबाराही मन्दिर पुगिन्छ। ढोरबाराही जाने धार्मिक पर्यटक पनि च्यवनधाममा आउने गरेका छन्। मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम मिलेनियम ट्रेकको सुरुवाती बिन्दु हो। सन् २००० देखि सुरु भएको तनहुँ र स्याङ्जालाई जोड्ने ७२ किलोमिटर दूरीको मिलेनियम ट्रेक यहीबाट सुरु हुने भएकाले पनि यसलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गरेमा रोजगारीका अवसर सिर्जना हुनाका साथै आयआर्जन वृद्धि हुँदै जाने विश्वास लिइएको छ।

# अब भेरी अस्पतालमा अनलाइनबाटै टिकट

**गणेश विशु**

*बाँके, साउन २६*

लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको स्वास्थ्यको हब नेपालगन्जमा अवस्थित भेरी अस्पतालले आफ्नो स्थापनाको १३० वर्षपछि बिरामीका लागि अनलाइन टिकट प्रणाली सुरु गरेको छ। बिरामीको भिड अत्यधिक बढ्दै जाँदा अस्पतालमै पुगेर सास्तीपूर्ण तरिकाले टिकट काट्नुपर्ने बाध्यतालाई सहज बनाउन उक्त प्रणाली सुरु गरिएको हो।

अब बिरामीले अस्पताल पुग्नुअगावै घरबाट ई-टिकट लिन सक्नेछन्। परीक्षणका लागि सुरु गरिएको यो प्रणालीका लागि अहिले एक सयवटा टिकट अनलाइनबाट काट्न सकिने व्यवस्था गरिएको भेरी अस्पतालका कार्यालय प्रमुख डा. प्रकाशबहादुर थापाले जानकारी दिए। 'अहिले यो सेवा कत्तिको प्रभावकारी हुन्छ परीक्षण गर्छौं,' उनले भने, 'यसको प्रभावकारिता बढ्दै गयो भने संख्या बढाउँछौं।'

लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका जिल्लाबाट भेरी अस्तालमा दैनिक चारपाँच सय बिरामी आउँछन्। यहाँ बिरामीको चाप बढ्दै गएपछि टिकट काट्न सास्तीपूर्ण तरिकाले लाइन लाग्नुपर्ने अवस्था छ। अनलाइन टिकट प्रणालीले यो सास्तीलाई कम गर्ने अपेक्षा गरिएको उनी बताउँछन्। गत वर्षदेखि अस्पतालमा अनलाइन टिकट प्रणाली सुरु गर्ने भनिए पनि यस वर्ष स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको रणनीतिअनुसार शुक्रबारदेखि यो सेवा सुरु गरिएको कार्यालय प्रमुख डा. थापाले बताए। यसको शुक्रबार मन्त्री पौडेलले उद्घाटनसमेत गरेका छन्। संघीय अस्पतालहरूमा यो प्रणाली लागु गर्ने भनिए पनि भेरी अस्पतालले सबैभन्दा पहिला कार्यान्वयन गरेको मन्त्री पौडेलले बताए। 'जो जहाँ सार्वजनिक पदमा बसे पनि जनताको सेवालाई सहज बनाउन हो,' उनी भन्छन्, 'त्यसैले यसलाई प्रभावकारी रूपले अगाडि बढाउनुपर्छ।'

अनलाइन टिकटका लागि भेरी अस्पतालको अनलाइन लगइन गर्नुपर्ने छ। त्यहाँ अनलाइन टिकटका लागि 'अपोइन्टमेन्ट बुक' अप्सन राखिएको छ। त्यहाँ क्लिक भएपछि नियमित ओपिडी अपोइन्टमेन्टका लागि त्यहाँ सामान्य चिकित्सा, स्त्रीरोग, ग्यास्ट्रोलोजी/नेफ्रोलोजी, कान, नाक, घाटी रोग, हार्डजोर्नी तथा नशा, दाँत, आँखा, बाल रोगलगायत आफूलाई आवश्यक विभाग छनोट गर्न सकिन्छ। त्यसपछि कुन दिनमा अस्पताल आउने त्यसलाई छनोट गरेपछि टिकट खुला हुन्छ। त्यहाँ बिरामीको नाम, उमेर लिंग, जिल्ला, पालिका, वडा नम्बर, टोल, मोबाइल नम्बर भर्नुपर्ने हुन्छ। त्यतिबेलै टिकटको शुल्क तिर्न भर्नुपर्ने विवरणको ई-सेवा, फोन पे र खल्तीबाट ३० रुपैयाँ तिर्नुपर्ने व्यवस्था गरिएको छ। यो शुल्क भनेको अस्पतालमा आफैं पुगेर ओपिडीमा लाग्ने शुल्क बराबर हो। यसरी भरेको टिकट आफैंले प्रिन्ट गरेर ल्याउन सकिने वा अस्पतालमै आएर प्रिन्ट निकाल्न सक्ने व्यवस्था गरिएको अस्पतालका प्रमुख डा. थापाले बताए। अनलाइन टिकट सामान्य बनाइएको छ। सामान्य लेखपढ गरेका व्यक्तिलाई समेत अनलाइन टिकट काट्न सहज होस् भनी टिकट भर्नलाई सजिलो बनाइएको उनको भनाइ छ।

यो अस्पताल १९४७ साल अर्थात् आजभन्दा १३० वर्ष अघि पृथ्वीवीर अस्पताल डिस्पेन्सरीको नाममा स्थापना भएको थियो। त्यसपछि २०१६ सालमा यसलाई रत्न राज्यलक्ष्मी देवी प्रसूति गृह नामकरण गरियो भने २०२२ सालमा भेरी अञ्चल अस्पतालका नाममा नामकरण गरियो। यस अस्पतालका लागि सुरुमा ५० बेड स्वीकृत भएको थियो। २०४३ सालमा एक सय कायम भयो। हाल अस्पताल विकास समितिबाट ५० बेड थप बढाइएको छ। अहिले जम्मा १५० बेड क्षमताको अस्पताल सञ्चालनमा छ। यसले दुई बेड क्षमताको अनुमतिसमेत प्राप्त गरेको छ। यसलाई कार्यान्वयन गर्ने अन्तिम चरणमा रहेको अस्पतालले जनाएको छ। साथै शुक्रबार स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले भेरी अस्पतालमा नवनिर्मित इन्डोर भवन, एमआरआइ सेवा उद्घाटन गरेका छन्।

# ३४ वर्षपछि जीर्णोद्धार गरिँदै बलेवा कालभैरव

बागलुङ, साउन २६ (रासस)- चौतीस वर्षपछि बागलुङ बलेवा कालभैरव मन्दिरको जीर्णोद्धार गरिने भएको छ। भैरवस्थान मन्दिर गुठी व्यवस्थापन समिति सक्रिय भएसँगै कालभैरव मन्दिरमा पूर्वाधार निर्माणले गति लिएको छ।

भैरवस्थान मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र ढकालका अनुसार चालु आव २०८१/८२ मा मन्दिर जीर्णोद्धार गर्न ३७ लाख विनियोजन गरिएको छ। चालु आवमा २७ लाख सङ्घीय सरकार र १० लाख गण्डकी प्रदेश सरकारबाट बजेट विनियोजन भएको छ। असोजदेखि मन्दिर जीर्णोद्धारको काम थालिने छ। मन्दिर जीर्णोद्धारमा दाताको सहयोग र मन्दिर व्यवस्थापन समितिको कोषलाई परिचालन गरिने उनले बताए।

२०४७ सालमा ५० हजार खर्चेर मर्मत गरिएको उक्त मन्दिर त्यसयता जीर्णोद्धार गर्न सकिएको छैन। कालभैरव मन्दिरको प्रचारप्रसार र महिमा पछिल्लो समय बढेपछि मन्दिरलाई जीर्णोद्धार गरेर चिटिक्क बनाउन थालिएको हो। तीन सय वर्षभन्दा पुरानो मन्दिर जीर्णोद्धारमा हालसम्म कसैको ध्यान नपुगेको अध्यक्ष ढकालले उल्लेख गरे।

ढुङ्गा र माटोबाट बनेको मन्दिरलाई पुनःनिर्माण गरी ३४ वर्षअघि केही ठूलो बनाइएको थियो। अहिले मन्दिरको रेलिङको केही भाग चर्किएको छ। मन्दिर क्षेत्र साँघुरो छ। पूजा गर्न समस्या भएको छ। मन्दिरको क्षेत्रफल बढाउन ५० लाख लागतमा बागलुङ नगरपालिकाले पक्की पर्खाल बनाएको छ। गण्डकी प्रदेश सरकारले मन्दिर वरपरको क्षेत्रमा लगानी गरिरहेको अध्यक्ष ढकालले बताए।

'मन्दिर जीर्णोद्धारका लागि सङ्घीय सरकारलाई रु एक करोड माग गरेका थियौं, बजेट जम्मा २७ लाख आयो, प्रदेशले रु १० लाख विनियोजन गरेको छ,' उनले भने। बागलुङ नगरपालिका-१२ अमलाचौरमा रहेको कालभैरव मन्दिर भकुण्डे र रायडाँडासँग सिमाना जोडिएको छ। १७८० सालतिर पाल्पाबाट ल्याइएका कालभैरवलाई यहाँ स्थापना गरिएको किंवदन्ती छ। मन्दिरमा मङ्गलबार र शनिबार विशेष पूजा हुने गर्छ। दसैं र चैतेदसैंमा मन्दिरमा दर्शनार्थीको बढी घुइँचो लाग्ने गरेको मन्दिरका पुजारी पदमबहादुर शाहीले बताए।

# विपन्नका लागि १७ सय घर निर्माण

झापा, साउन २६ (रासस)- झापामा पछिल्लो सात वर्षमा 'सुरक्षित आवास कार्यक्रम'अन्तर्गत एक हजार सात सय ४२ घर निर्माण भएका छन्। स्थानीय तह, ह्याविट्याट फर ह्युमानिटी इन्टरनेसनल नेपाल र सहारा नेपालको संयुक्त साझेदारीमा यहाँका आठ स्थानीय तहमा ती घर निर्माण गरिएका हुन्।

'सहारा नेपाल'का सुरक्षित आवास कार्यक्रम संयोजक भीमप्रसाद भेटवालका अनुसार २०७४ सालमा आएको बाढीबाट विस्थापितका लागि सात सय २५ अस्थायी आवाससहित झापा र मोरङमा गरी दुई हजार ९९८ घर निर्माण गरिएका छन्। त्रिपक्षीय साझेदारीमा निर्माण हुने सुरक्षित आवासका लागि निम्न आय भएका र आफ्नो घर बनाउन नसक्ने परिवारका लागि सुरक्षित आवास प्रदान गरिने संयोजक भेटवालले बताए।

'सम्बन्धित स्थानीय तहका वडाले त्यस्ता लाभग्राहीको नाम छनोट गर्दछन्,' उनले भने, 'वडाको सिफारिसका आधारमा ह्याविट्याट, सहारा नेपाल र स्थानीय तहको संयुक्त टोलीले अनुगमन गरेर मात्र नाम छनोट हुन्छ।' जग्गा भएकाको हकमा उनीहरूकै जग्गामा घर निर्माण गर्ने गरिन्छ भने जग्गा नभएकाको हकमा स्थानीय तहले जग्गा यकिन गरेर निस्सा उपलब्ध गराएपछि मात्र घर निर्माण गरिन्छ। झापा र मोरङ जिल्लामा निर्माण भएका घरको ढाँचाअनुसार प्रतिघर लागत मूल्य रू एक लाख ८५ हजारदेखि रू ६ लाख २३ हजारसम्म (जन श्रमदानबाहेक) रहेको सहारा नेपालका राजु गिरीले जानकारी दिए। झापामा निर्माण भएका घर १६ फिट लम्बाइ र २० फिट चौडाइका रहेका छन्।

# जिल्ला न्यायाधीशमा ३५ जना सिफारिस

काठमाडौं, साउन २६ (नागरिक)- न्याय परिषद्ले उच्च अदालतका लागि मुख्य न्यायाधीशमा एक जना र जिल्ला न्यायाधीशमा ६ महिलासहित ३५ जनालाई नियुक्तिको सिफारिस गरेको छ। सर्वोच्चमा चारजना र उच्च अदालतमा १० जना न्यायाधीशको पद भने अझै रिक्त छ।

प्रधानन्यायाधीश एवं न्याय परिषद्का अध्यक्ष विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा शुक्रबार बसेको बैठकले रिक्त न्यायाधीश नियुक्तिको सिफारिस गरेको हो। न्याय सेवा, सरकारी वकिलबाट गरी न्यायाधीश नियुक्ति गरिएको हो। परिषदले न्यायाधीश रत्नबहादुर बागचन्दलाई उच्च अदालत पोखराको मुख्य न्यायाधीशमा नियुक्तिको सिफारिस गरेको छ। सरकारी वकिलका तर्फबाट नारायण रिमाल, यामबहादुर बानियाँ, रुद्रप्रसाद सुवेदी, धर्मराज पौडेल, सुवर्णमान बनेपालीलाई जिल्ला न्यायाधीश नियुक्तिको सिफारिस गरेको हो।

त्यस्तै न्याय सेवाबाट टंकबहादुर महत, तीर्थराज भट्ट, सरिता रायमाझी, प्रतिमाकुमारी भट्टराई, शिवप्रसाद पराजुली, लालसिंह थापा, शम्भुप्रसाद रेग्मी, दीपेन्द्रनाथ योगी, दुर्गाप्रसाद बस्याल, दीपक धिताल, मेघनाथ चापागाईं, मीनबहादुर कुँवर, इन्द्रबहादुर खड्का, नवराज कार्की, राजु ढुंगाना, हरिसिंह धामी, अरूणकुमार झा, डोलनाथ न्यौपाने, दुर्गाप्रसाद भट्टराई, ईश्वर आचार्य, मोहनबहादुर अधिकारी, नारदप्रसाद भट्टराई, गोपालप्रसाद थापा, चन्द्रदेव भारती, ठाकुरप्रसाद पौडेल, ऋतबहादुर पुलामी मगर, जयन्ती अवस्थी भट्ट, दीक्षा प्रधानांग, शारदादेवी पौडेल, देवी चौधरीलाई जिल्ला न्यायाधीश नियुक्तिको सिफारिस गरिएको हो। सिफारिस भएकाहरूलाई कार्यविभाजनसहित विभिन्न जिल्लाको जिम्मेवारी दिइनेछ।

वरीयता, योग्यता र समावेशिताका आधारमा न्यायाधीश छनोट गरिएको परिषद्ले जनाएको छ। परिषदले २१ जना जिल्ला न्यायाधीश र एकजना उच्च अदालतका न्यायाधीशलाई सरुवाको सिफारिससमेत गरेको छ। उच्च अदालत पोखराका न्यायाधीश एवं राजस्व न्यायाधीशकरण पोखराका अध्यक्ष राजनप्रसाद भट्टराईलाई वीरगन्ज इजलासमा न्यायाधीशमा सरुवा गर्ने निर्णय गरेको छ। त्यसैगरी राजस्व न्यायाधीकरण पोखरामा न्यायाधीश सुदर्शनराज पाण्डेलाई तोक्ने निर्णय गरेको छ।




बिर्सन खोज्नुले निर्वासनलाई झनै लामो बनाउनेछ, मुक्तिको रहस्य त सम्झनुमै लुकेको छ।
– रिचर्ड फोन वाइत्जेकर

## संक्रमणकालीन न्यायमा देखिएको सम्भावना

संक्रमणकालीन न्यायसम्बन्धी बहुप्रतीक्षित बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधन विधेयक भदौ पहिलो साताभित्रै संघीय संसद्का दुवै सदन प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित गर्ने गृहकार्य सुरु भएको छ। संसद् सचिवालयले विधेयक प्रतिवेदन साउन २९ गते प्रतिनिधिसभा बैठकमा पेस गर्ने कार्यसूची तय गरेको छ। यही समयतालिकाअनुसार काम अघि बढ्ने हो भने साउन ३० गते प्रतिनिधिसभाबाट र भदौ ७ गतेसम्म राष्ट्रियसभाबाट यो विधेयक पारित भई कानुनी रूप लिनेछ।

पृष्ठभूमि के थियो भने २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्म राज्य र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वमा दुवै पक्ष र सर्वसाधारणसमेत गरी १७ हजारभन्दा बढीको ज्यान गएको थियो। २०६३ मंसिर ५ गते सरकार र तत्कालीन विद्रोही माओवादीबीच विस्तृत शान्ति सम्झौता भयो, जसमा ६ महिनाभित्र संक्रमणकालीन न्यायसम्बन्धी कानुन बनाउने सहमति भयो। तर, शान्तिपूर्ण राजनीतिमा आएको माओवादी र प्रमुख दल सत्ता राजनीतिमा यति लिप्त भए कि उनीहरूले द्वन्द्वपीडितका दुःख पटक्कै महसुस गर्न सकेनन्। लामो समय संक्रमणकालीन न्यायको मुद्दा र विधेयक दलीय स्वार्थको बन्धक बनिरह्यो। पीडितसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाबका कारण २०७१ सालमा आएर बल्ल कानुन बन्यो। कानुनसँगै बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोग पनि बन्यो। तर, पर्याप्त कानुनी व्यवस्थाको अभावमा यी दुवै आयोगले प्रभावकारी काम गर्न सकेनन्। सर्वोच्च अदालतले पीडितमैत्री कानुन संशोधन गर्न आदेश जारी गर्‍यो। सरकारहरूले ऐन संशोधन गर्न विधेयक पनि तयार पारे। तर, यसलाई न पीडितले स्विकारे न दलहरू नै एकमत बने। बल्लतल्ल गत असार १३ गते कांग्रेसका रमेश लेखक, एमालेका महेश बर्तौला र माओवादी केन्द्रका जनार्दन शर्मासहितको तीन दलीय संयन्त्र निर्माण गर्‍यो। अहिले गृहमन्त्री बनेका लेखकसहितको टोलीले विधेयकका विवादित विषयमा जुटाएर प्रधानमन्त्री एवं एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई एउटै मञ्चमा प्रतिवेदन बुझाए। मञ्चबाटै यी तीन नेताले ऐन संशोधन प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाए।

विस्तृत शान्तिसम्झौताको १८ वर्षपछि अहिले आएर बल्ल दलहरू कानुन संशोधनका लागि एकमत भएका छन् र विधेयक संसदबाट पारित हुने अवस्थामा पुगेको छ। विधेयक पारित हुने अवस्था आए पनि संक्रमणकालीन न्यायको प्रतीक्षामा रहेका पीडितले अझै खुला मनले यसलाई मानिसकेको स्थिति छैन। बर्सेनिजसो सरकार बनाउने, ढाल्ने खेलमा कुख्यात न्यूनतम राजनीतिक नैतिकतासमेत गुमाएका हाम्रा दलहरू द्वन्द्वपीडितका हकमा भने किन यतिबिघ्न असंवेदनशील बन्न पुगे यसको हिसाबकिताब जारी नै रहनेछ तर ढिलै भए पनि ऐन संशोधनमा जुटेको सहमतिका खातिर हामीले यतिबेला थोरै भए पनि राहत महसुस गर्नैपर्छ।

द्वन्द्वपीडितको एउटा सिंगो पुस्ता न्यायको खोजीमा जीवनमरणको दोसाँधमा छ। यसबीचमा जन्मिएको नयाँ पुस्ताले हिंसा त देखेन तर आफ्नाहरूको वियोगले उसमा पनि चयन छैन। संशोधित ऐनले पीडितका केही मागलाई सम्बोधन गर्ने अवस्था आएको छ। यसले तिनलाई न्यायको आभास र क्षतिको परिपूरण मात्र दिलाउन सके तत्कालका लागि सफल मान्न सकिन्छ। फेरि पनि आशंका भने जारी नै राख्नुपर्छ। किनभने, अहिले सत्ता र प्रतिपक्षमा भएका यिनै शक्ति हुन्, जसले विगतमा आततायी सशस्त्र संघर्षको नेतृत्व गरेका थिए, संघर्षलाई दबाउन राज्यशक्तिको प्रयोग गरेका थिए। संक्रमणकालीन न्यायलाई टुंग्याउन उनीहरू वास्तवमै तयार भएका हुन् वा नयाँ कुनै सत्ताको खेलामा यसलाई साधन बनाउन लागिएको हो भन्नेमा होस् पुर्‍याउनैपर्छ। यसैबीच जवाफदेहिता निगरानी समितिले दलीय सहमतिको नाममा कानुन, न्याय तथा मानवअधिकार समितिले उल्लंघनको परिभाषा/वर्गीकरण तथा सजाय घटाई अभियोजन गर्ने लगायत विषयमा अगाडि बढाएका संशोधन प्रस्तावहरू समस्याग्रस्त देखिएको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। थाती रहेको संक्रमणकालीन न्याय प्रक्रियालाई टुंगोमा पुर्‍याउन तीन प्रमुख दल एक ठाउँमा उभिनु सकारात्मक छ भएको तर संक्रमणकालीन न्याय प्रक्रियालाई दण्डहीनता संस्थागत गर्ने निहितार्थ दुरूपयोग हुनबाट जोगाउन र संक्रमणकालीन न्यायले पीडितमैत्री तरिकाले नेपालभित्रै वैध र दिगो निकास प्राप्त गर्ने वातावरण निर्माणका लागि इमानदारीपूर्वक सघाउन सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालालाई आग्रह समेत गरेको छ। ह्युमन राइट्स वाचले पनि विज्ञप्तिमार्फत नेपाली राजनीतिक नेतृत्वले संक्रमणकालीन न्यायको बाँकी प्रक्रियामा ठोस कदम चालेकोमा प्रशंसा गर्दै विधेयक पारित हुनुपूर्व सर्वोच्च अदालतका आदेश र अन्तर्राष्ट्रिय कानुन कार्यान्वयन गरिनुपर्नेमा पुनः ध्यानाकर्षण गराएको छ।

पर्दापछाडि रचित कुनै पटकथा पनि हुन सक्छ तर यो पनि हुन सक्छ कि ओली नेतृत्वको गठबन्धन सरकार संविधान संशोधन चाहन्छ, जसमा माओवादी समर्थनका लागि उसले यो विधेयकमा अहिले आएर हतारो देखाइरहेको छ। किनभने कतिपयका लागि यो हतारो अस्वाभाविक पनि लागिरहेको छ। तर अहिलेका लागि संक्रमणकालीन न्यायसम्बन्धी दशकौंदेखि अड्किरहेको विधेयकमा सहमति जुटाइनुलाई सरकारको सकारात्मक पहलकदमीकै रूपमा लिइनुपर्छ। र, सरकारलाई शंकाको लाभ दिन कन्जुस्याइँ गर्नुहुँदैन। बाँकी रह्यो, ऐन कार्यान्वयन, यसका लागि खबरदारी त गर्नु नै छ। पीडितले यसमा आश्वस्त हुन पाउनुपर्छ। गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनलाई बेवास्ता गर्ने र निकै थोरै मात्र थुनामा बस्नु पर्ने गरी कानुनी प्रावधान मिलाउन खोजिएको हो भने त्यसले सकारात्मक परिणाम ल्याउँदैन। घरेलु प्रयासले पीडितलाई उपचार दिएन भने अन्तर्राष्ट्रिय कानुन आकर्षित हुन्छ भन्ने पक्षमा बेवास्ता गर्न मिल्दैन।


हेक्का राख्नैपर्छ, संक्रमणकालीन न्यायका नाममा दण्डहीनता प्रधान बने देशमा कुनै पनि समयमा हिंसा, प्रतिहिंसा सुरु हुनेछ। फेरि आतंकको अर्को 'प्रयोग' चल्नेछ। दशकको हिंसा र तीनदशक दशकलामो राजनीतिक अस्थिरताबाट पार पाइनसकेका हामीलाई अब कुनै पनि वाद र विभेदको बहानामा हिंसा सह्य हुन सक्दैन। यसकारण पनि पीडितमैत्री हुने गरी संक्रमणकालीन न्यायको मुद्दालाई टुंग्याउनुपर्छ। अन्यथा पीडितका आँसुले पोल्नेछ।

# संक्रमणकालीन न्यायको संक्रमण

**हत्या, यातना, युद्धअपराध तथा मानवताविरुद्धका अपराधलाई गम्भीर अपराधको श्रेणीमा नराखेर सामान्यकरण गर्नु र माफीयोग्य बनाउनु आपत्तिजनक छ।**



चरण प्रसाई




२०८१ साउन २३ गते तीन दलका शीर्ष नेता शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहालबीच संक्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयकमा भनिएका चार विवादित बुँदामा राजनीतिक सहमति भएको छ। कार्यदल सदस्य तथा गृहमन्त्री रमेश लेखक, एमाले प्रमुख सचेतक महेश वर्तौला र माओवादी केन्द्र उपमहासचिव जनार्दन शर्माले सिंहदरबारमा एक समारोहबीच बुझाएको प्रतिवेदनमा सहमति जनाएका हुन्। सहमतिपछि तिनै नेताले पालैपालो संबोधन गरेका थिए। प्रतिवेदन बुझ्दै प्रधानमन्त्री ओलीले सर्वोच्च अदालतबाट भएका फैसला, अन्तर्राष्ट्रिय मान्यता र पीडितमैत्री विषयलाई ध्यानमा राखी सहमति भएको बताए। कांग्रेस सभापति देउवाले नेपालीले आफ्नो विवाद आफैँ समाधान गर्न सक्छन् भन्ने विश्वलाई अनुकरणीय उदाहरण दिएको बताए। माओवादी केन्द्रका अध्यक्ष दाहालले नयाँ सरकार गठनपछि राम्रो काम भएको र संसद्को वैधानिक प्रक्रियाबाट टुङ्गो लगाइ नेपालीमाझ शान्ति, स्थायित्व र विकासको सन्देश जाने भनाइ राखे।

सहमति भएको संशोधन विधेयकलाई दोस्रो दिन साउन २४ गते कानुन, न्याय तथा मानव अधिकार समितिले जस्ताको त्यस्तै सर्वसम्मतबाट पारित गर्‍यो। साउन २९ गते प्रतिनिधि सभामा पेस भई एक हप्तामा राष्ट्रिय सभाबाट यो पारित हुनेदेखिन्छ। तथापि १८ बर्षदेखि अड्केको यो प्रक्रिया अघि बढ्ने हो वा माखेसाङ्लोमा फस्ने हो ? अन्योल छ।

प्रमुख दलका नेताबीच भएको राजनीतिक सहमतिलाई राष्ट्रिय सञ्चार माध्यमले निकै ठूलो उपलब्धि भएजस्तो गरी समाचार बनाए। सहमति जुटेको 'भित्री कथा' पनि पस्किए। अब द्वन्द्वपीडितले न्याय पाउने र शान्ति प्रक्रियाका थाती कार्य पूरा हुने जस्तो वातावरण बनाए। सहमति 'पीडक केन्द्रित' भएको देख्ने पीडित वा अधिकारवादी यस प्रक्रियाका बाधक जस्ता भए। संशोधन विधेयकका अन्तरवस्तु एवं वास्तविकता नबुझेकाको यो बुझाइ हुनु स्वाभाविक हो पनि।

स्मरण रहोस्, २०६९ सालमा बाबुराम भट्टराई सरकारले सर्वदलीय राजनीतिक सहमतिबाट अध्यादेशमार्फत संक्रमणकालीन न्यायसम्बन्धी ऐन जारी गरेको थियो तर सर्वोच्च अदालतले त्यसलाई खारेज गर्‍यो। २०७१ मा पनि तीन दलीय राजनीतिक सहमतिबाट संसद्ले ऐन जारी गर्‍यो। सुमन अधिकारीलगायतका पीडितले यसविरुद्ध मुद्दा हालेपछि त्यसलाई पीडितमैत्री बनाएर मात्र लागु गर्न सर्वोच्चबाट आदेश भयो। अहिलेको यो संशोधन प्रस्ताव करिब १० वर्षअघि भएको परमादेश पालना गर्न खोजिएको हो। विगतमाझैँ यसलाई पनि राजनीति सहमतिबाट पारित गरिँदैछ तर यो कति न्यायसंगत र पीडितमैत्री हुनेछ ? अर्थात् राजनीतिक सहमति मात्र जुट्नु उपलब्धि होइन। सहमति कुन सवालमा कसरी जुट्यो भन्ने पक्षले महत्त्व राख्छ। प्रधानमन्त्री ओलीले दाबी गरेझैँ यो सहमति अन्तर्राष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको आदेश एवं पीडितमैत्री छ वा छैन ? भन्नेमा यो आलेख केन्द्रित छ।

अन्तर्राष्ट्रिय मापदण्ड- नेपाल पक्षराष्ट्र रहेको जेनेभा महासन्धि, नागरिक तथा राजनीतिक महासन्धिको प्रभावकारी न्यायिक उपचारसम्बन्धी दफा २, सन् २०१४ को 'राष्ट्रसंघ टेक्निकल नोट' र अन्य सन्धि-सम्झौता पालना गर्नु हो। यसलाई विस्तृत शान्ति सम्झौताको प्रस्तावना र दफा ७ मा उल्लिखित मानव अधिकारको विश्वब्यापी घोषणापत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्त पालना गर्नुपर्ने पक्षले पुनःपुष्टि गरेको छ। तर, यस विधेयकले हत्या, यौनजन्य हिंसा, यातना, अपहरण, अंगभंग एवं अपाङ्ग पारिएका (यातना परिणाम) जस्ता नेपालको कानुन, अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुन विपरितका जुनसुकै कार्यलाई 'मानव अधिकार उल्लंघन'को परिभाषामा राखेर क्षमा हुनसक्ने बनाएको छ।

लामो समय बेपत्ता भए पनि बाँचेर फर्केका पीडितलाई यसले पीडित मान्दैन। यी प्रावधन अन्तर्राष्ट्रिय मापदण्ड विपरित हुन्। वहिर्गमित लडाकुमा वाललडाकु प्रयोग (अनमिनबाट प्रमाणित), आत्मसमर्पण गरेपछि सुरक्षकर्मी वा हतियारधारी समूहमाथिका यातना वा हत्या अन्तर्राष्ट्रिय परिभाषामा युद्धअपराध हुन्(जेनेभा महासन्धि साझा धारा ३)। यस्ता अन्तर्राष्ट्रिय अपराधलाई परिपूरणमा सीमित गरिएको छ।

> संशोधन विधेयकमा परिपूरणलाई 'पीडितको अधिकार' परिभाषा गर्नु स्वागतयोग्य हो। तर यही बहानामा पीडितका न्यायिक अधिकार हनन् भएमा दुर्भाग्यपूर्ण हुनेछ।

सर्वोच्च अदालतले राजेन्द्र ढकाललगायत सुमन अधिकारीसमेत पीडितले दर्ता गरेका मुद्दाको फैसलामा- कुनै विशेषण नलगाई हत्या, वलात्कार एवं यौनजन्य हिंसा, वलपूर्वक बेपत्ता पार्ने कार्य एवं यातनालाई अक्षम्य अपराधको कोटीमा राखी ऐन संशोधन गर्न आदेश दिएको हो तर संशोधन विधेयकले त्यसको पालना गरेको छैन।

मनसायपूर्वक वा स्वेच्छाचारी हत्या, बेपत्ता पारिएका र क्रूर यातना 'मानव अधिकारको गम्भीर उल्लंघन'को वर्गमा राखी विधेयकले अक्षम्य बनाएको छ। तर मनसायपूर्ण वा स्वेच्छाचारी हत्या वा यातना क्रूर प्रमाणित नभएमा क्षमायोग्य हुनेछ। गैरराज्य पक्षबाट भएका यातनालाई यसले संबोधन गरेको छैन। तथापि कतिपयले माफी दिन पीडितको स्वतन्त्र सहमति चाहिने प्रावधान ठीक भएको ठानेका छन्। पीडितको अधिकार सुरक्षित गरेको तर्क गरेका छन्। तर पीडितको स्वतन्त्र सहमति भने पनि यो व्यवहारमा लागु हुन सक्ने अवस्था छैन। विद्यमान परिस्थितिमा पीडकसँग राज्यसत्ताको साथ र शक्ति छ।

हाम्रो समाजको सोच पनि शक्तिको पछि दौडने खालको छ। 'शक्तिको भक्ति' गर्ने चलन छ। यस अर्थमा आर्थिक प्रलोभन, राज्य शक्ति र समाजको दबाबअघि निरीह पीडितले के गर्न सक्लान् ? चित्त नबुझे पनि क्षमा नदिन कसरी साहस गर्लान् ? साथै हत्या, यातना तथा मानवीय कानुन विपरितका गम्भीर अपराधमा पनि छूट दिने नजिर बसाल्दा मुलुकको दण्डहीनताको अवस्था कहाँ पुग्ला ? उदाहरणका लागि सत्य निरूपण तथा मेलमिलाप आयोगमा काभ्रेकी एक महिलाले पीडकको नामसहितको एक उजुरी दर्ता गरेकी थिइन्। तर एक हप्ता पनि नबित्दै पीडकको दबाब र धम्की थेग्न नसकेर उजुरीबाट पीडकको नाम हटाउन उनी वाध्य भइन् आयोग पुगेर।

नेताबीच सहमति भएका चार विवादित सवालमा पीडितको खासै सरोकार थिएन। पीडितका मुख्य मुद्दा मानव अधिकारको गम्भीर उल्लंघन र मानव अधिकार उल्लंघनको वर्गीकरण हो। हत्या, यातना, युद्धअपराध तथा मानवताविरुद्धका अपराधलाई गम्भीर अपराधको श्रेणीमा नराखेर सामान्यकरण गर्नु र माफीयोग्य बनाउनु आपत्तिजनक छ। हत्या र यातना आफैँमा गम्भीर अपराध हुन्। क्रूरतापूर्वक भएका हत्या वा यातना मात्र गम्भीर हुनेमा तिनको कडा विरोध हो तर राज्यले त्यसलाई सुनेको छैन।

पीडकलाई कसरी जोगाउने भन्ने अभ्यासमा केन्द्रित भएको देखियो कार्यदल। विवादित चार बुँदा पीडकमुखी थिए। युद्ध अपराधलाई यसले परिपूरणमा सीमित गरेको छ। जबर्जस्ती करणी र गम्भीर यौनजन्य हिंसाबाहेक ७५ प्रतिशत सजाय छूट माग दाबी गर्न महान्यायाधिवक्ता वा अधिकार प्राप्त सरकारी वकिललाई अधिकार दिनु यसको थप पुष्टि हो। न्यायिक स्वतन्त्रतामाथि आँच आउने गरी प्रधानमन्त्रीले राजनीतिक नियुक्ति गरेका महान्यायाधिवक्ताबाट यो अधिकारको दुरूपयोग हुने निश्चितप्रायः छ। अपराधको अनुपातमा अदालतको निर्णय गर्ने सार्वभौम अधिकारमा यसबाट प्रत्यक्ष हस्तक्षेप भएको छ।

सरकार ढाल्ने र बनाउने औजारका रूपमा प्रयोग भइरहेको संक्रमणकालीन न्याय टुंग्याउन प्रमुख दलका नेताहरू गम्भीर हुनु सुखद हो। सरकार फेरबदल भए पनि ठप्प भएको यस प्रक्रियालाई कार्यदलले अघि बढाउनु सकारात्मक छ। संशोधन विधेयकमा परिपूरणलाई 'पीडितको अधिकार' परिभाषा गर्नु स्वागतयोग्य हो। तर यही बहानामा पीडितका न्यायिक अधिकार हनन् भएमा दुर्भाग्यपूर्ण हुनेछ। यसबाट राजनीतिक चक्रब्यूहमा यो प्रक्रिया नराम्ररी फस्ने जोखिम बढ्नेछ।


cprasai@gmail.com


# शिक्षा मन्त्रीलाई पत्र

**भनिन्छ- शिक्षा कोक्रोबाट सुरु भएर चितामा टुङ्गिन्छ। प्रश्न उठ्छ- के यो सबैको पहुँचमा पुगेको छ त ? यस क्षेत्रमा कार्यरत सबै जनशक्तिले न्याय पाएका छन् ?**



सरिता लामिछाने




*माननीय मन्त्रीज्यू,*

तपाईंले पदभार सम्हाल्नुभएको पनि एक महिना पुग्न लाग्यो। ढिलै भए पनि हार्दिक बधाई !

भनिन्छ, शिक्षा कोक्रोबाट सुरु भएर चितामा टुङ्गिन्छ। प्रश्न उठ्छ- के यो सबैको पहुँचमा पुगेको छ त ? यस क्षेत्रमा कार्यरत सबै जनशक्तिले न्याय पाएका छन् ? यहाँको शिक्षा झिकाउने, बिकाउने र टिकाउने बनेको छ त ? सन्दर्भ यहाँ अपाङ्गता भएका व्यक्तिहरूको हो। संविधानको धारा ३१(१) ले प्रत्येक नागरिकलाई प्रारम्भिक र माध्यमिक शिक्षा अनिवार्य तथा निःशुल्करूपमा प्राप्त गर्ने हक हुनेछ भनेको छ। र धारा ३१(२) ले दृष्टिबिहीन, बहिरा वा शारीरिकरूपमा अशक्त व्यक्तिलाई निःशुल्क शिक्षाको हक हुनेछ भनेको छ। तापनि समावेशी शिक्षामा अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाले भोग्नुपर्ने चुनौती विभिन्न प्रकारका छन्। यी चुनौतीले उनीहरूको शैक्षिक यात्रा जटिल बनाइरहेको छ।

मन्त्रीज्यू, आजभोलि सरकारी विद्यालयमा पनि विद्यार्थीलाई नेपाली र अङ्ग्रेजी दुवै माध्यममा पढाउने गरिन्छ। तथापि दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाले अङ्ग्रेजी माध्यममा पढाइने पाठ्यपुस्तक ब्रेल लिपिमा नपाउँदा अङ्ग्रेजी माध्यममा पढ्ने चाहना हुँदाहुँदै पनि नेपाली माध्यममा नै पढ्न बाध्य छन्।

विभिन्न विद्यालयमा प्रत्यक्षरूपले अवलोकन गर्दा विद्यालय प्रशासनले अपाङ्गता भएका बालबालिकालाई पूर्णरूपमा बेवास्ता गरेको पाइन्छ। सिद्धार्थ स्मारक कपिलवस्तुमा २०७८ सालमा जाँदा दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई पुरुष छात्रबासको कोठामा भुइँमा बसेर परीक्षा दिन लगाइएको थियो र अन्यलाई कक्षा कोठामा नै राखेर परीक्षामा समावेश गराइएको थियो। आज पनि ब्रेल पेपरको अभावमा विद्यार्थीले आवश्यकताअनुरूप नोट बनाउन सकिरहेका छैनन्। कतिपय विद्यालयका प्रधानाध्यापकले त आफ्नो विद्यालयमा कतिजना अपाङ्गता भएका बालबालिका पढ्छन् भन्ने विषयमा समेत अनविज्ञता जाहेर गरेका थिए।

ह्विलचेयर प्रयोगकर्ता बालबालिकाका लागि ऱ्याम्प, लिफ्ट, ह्यान्ड रेल आदि सुविधा नभएको हुँदा अपाङ्गता भएका बालिका महिनावारी भएका बेलामा कक्षामा गयल हुन बाध्य छन्। सिकाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी जीवनोपयोगी शिक्षा प्रदान गरिएको छैन। अपाङ्गता भएका शिक्षकहरूले स्थायी सेवामा नाम निकालेर स्थान रिक्त भएका विद्यालय युवा सहभागिता मावि, स्वयम्भु, जीतपुर मावि, इलाम र मनोहर मावि, टोखामा राहत कोटाहरूमा पुनः अपाङ्गता भएका शिक्षकहरूको पदपूर्तिका लागि विज्ञापन गरेको छैन। के यस्तो लापरबाहीमा तीनै तहको सरकारको ध्यान जानुपर्दैन ?

त्यसैगरी नेपालभर सञ्चालन भएका स्रोत कक्षामा दिनरात खटिरहने आयाहरूको योगदानलाई शिक्षा क्षेत्र र यससँग सम्बद्ध जनशक्तिहरूले बेवास्ता गरेको पाइन्छ। शायद उनीहरू कम साक्षर र आफ्नो आवाज उठाउन नसक्ने भएर होला, उनीहरूले कामबाट अवकाश लिने समयमा उपदान अथवा पेन्सनको व्यवस्था भएको पाइँदैन। जसले गर्दा बोल्नेको पिठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन भन्ने नेउखानलाई सही चरितार्थ गरेको छ। अपाङ्गता भएका बालबालिकालाई आफ्नै समुदायमा बसेर विद्यालयमा अध्ययन गर्ने अवसर दिने समावेशी शिक्षा नीतिहरू अपनाइएको छैन। अझै स्रोत कक्षाहरूमा नै अपाङ्गता भएका बालबालिकाहरू बस्ने गर्छन्। यसले उनीहरूलाई समाजको मूलधारमा समाहित गर्ने लक्ष्य प्राप्तिमा खासै टेवा पुग्न सकेको छैन। अपाङ्गता भएका विद्यार्थीको शिक्षामा सहयोग पुर्‍याउन विशेष उपकरण र प्रविधिहरू, जस्तै- ब्रेल सामग्री, श्रवण सहायक यन्त्रहरू र अनुकूलित कम्प्युटर सफ्टवेयरहरूको प्रावधान गरिएको पाइँदैन।

प्रयत्न नेपाल नामक संस्थाले गरेको पहुँचयुक्तताको अडिट प्रतिवेदनअनुसार शिक्षक सेवा आयोगको वेबसाइटमा अवरोधहरूका झन् ज्वलन्त नमुना भेटिन्छन् :

- वेबसाइटको लोगोमा विकल्पीय पाठको प्रयोग गरेको छैन।
- सामग्रीको पुनरावृत्ति ब्लकबाइपास गर्ने संयन्त्र उपलब्ध छैन। त्यसैले, कम्प्युटर सञ्चालन गर्न किबोर्डमा निर्भर हुने प्रयोगकर्ताहरूले प्रत्येक पटक मुख्य सामग्रीमा पुग्न सबै पुनरावृत्त सामग्रीहरू पार गर्नुपर्ने हुन्छ।
- हेडर र फुटरमा रहेका लिंकहरूमा स्पष्ट पाठ छैन, जसले स्क्रिन रिडर प्रयोगकर्ताहरूलाई लिंकहरू बुझ्न र अन्तरक्रिया गर्न समस्या उत्पन्न गरेको छ।
- वेबसाइटमा विभिन्न पृष्ठ र सामग्री छन् तर ती पृष्ठ खोज्न बहुविधा उपलब्ध छैनन्, जसले सबै प्रयोगकर्तालाई वेबसाइटका विभिन्न पृष्ठ खोज्न समस्या हुन्छ।
- महत्त्वपूर्ण ल्यान्डमार्कहरू, जसमा मुख्य, नेभिगेसन र सामग्री जानकारी ल्यान्डमार्कहरू समावेश भए तापनि तिनलाई अर्थपूर्णरूपमा परिभाषित गरिएको छैन।
- पृष्ठमा रहेका सबै तत्वको रंग अनुपात न्यूनतम आवश्यकताभन्दा कम छ, जसले न्यून दृष्टि र रंग दृष्टिबिहीन भएका व्यक्तिहरूलाई सामग्री पहुँच गर्न र बुझ्न समस्या उत्पन्न गरेको छ।
- वेब पृष्ठमा चलिरहेको सामग्री देखाउने छविको स्लाइड छ तर चलिरहेको सामग्रीलाई रोक्ने संयन्त्र उपलब्ध छैन। यसको परिणामस्वरूप दृष्टिसम्बन्धी अपाङ्गता, श्रवण अपाङ्गता, संज्ञानात्मक अपाङ्गता र अन्य प्रकारका अपाङ्गता भएका प्रयोगकर्तालाई सामग्री पहुँच गर्न समस्या हुन्छ।
- शीर्षक 'हाम्रो बारेमा' लाई ट्यागपछि बन्द गरिएको छ। त्यसैले, अनुच्छेदलाई स्क्रिन रिडरहरूले शीर्षकका रूपमा इङ्गित गर्छ, जसले स्क्रिन रिडर प्रयोगकर्ताहरूका लागि सामग्रीहरू बुझ्न कठिनाइ उत्पन्न गर्छ।
- केही बटन लेबल गरिएको छैन। उदाहरणका लागि 'शिक्षक सेवा आयोग' शीर्षकपछि बटनहरू लेबल गरिएको छैन जसले स्क्रिन रिडर प्रयोगकर्ताहरूलाई ती बटन बुझ्न र अन्तरक्रिया गर्न समस्या उत्पन्न गरेको छ।

यी अवरोधले अपाङ्गता भएका व्यक्तिहरूलाई विभेद गरेको छ र प्रत्यक्षरूपमा शिक्षण पेसामा अपाङ्गता नभएका व्यक्तिहरू मात्र आबद्ध हुनुपर्छ भन्ने सन्देश दिएको छ। समावेशी शिक्षा प्रणालीले सबै प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि समान अवसर सुनिश्चित गर्नुपर्छ। उनीहरूको आवश्यकताअनुरूपको प्रावधान र व्यवस्थापनको अभावले उनीहरूको शैक्षिक यात्रा कठिन हुन सक्छ। यसलाई सम्बोधन गर्न विद्यालय, शिक्षक, अभिभावक र समुदायको संयुक्त प्रयास आवश्यक छ।

विशेष तालिम, सुलभ शिक्षण सामग्री र प्राविधिक सहयोगको माध्यमबाट समावेशी शिक्षालाई प्रभावकारी बनाउन सकिन्छ। समावेशी शिक्षा प्रणालीले सबै बालबालिकाको उज्ज्वल भविष्य निर्माणमा योगदान पुर्‍याउनेछ। र, उक्त प्रक्रियालाई प्रभावकारी कार्यान्वयन गराउन र सबैका लागि शिक्षा भन्ने भनाइलाई सार्थकता प्रदान गर्न मन्त्रीज्यूको ध्यान आकर्षण भई समावेशिताको सवालले उच्च प्राथमिकता पाउने अभिलाषा राखेका छौँ।


*- लामिछाने प्रयत्न नेपालकी संस्थापक अध्यक्ष हुन्।*

# गोसाइकुण्डमा तीर्थयात्रीको आगमन सुरु

रसुवा, साउन २६ (रासस)- गोसाइकुण्डमा स्नान गर्ने भक्तजनको आगमन सुरु भएको छ। हरेक वर्ष नागपञ्चमीदेखि उक्त कुण्डमा स्नान गर्न भक्तजन यहाँ आउने गरेका छन्। यस वर्ष स्नान मेला भर्न १५ हजार भक्तजन गोसाइकुण्डमा पुग्ने अनुमान गरिएको गोसाइकुण्ड क्षेत्र विकास समितिका अध्यक्ष सञ्जीव डिएमले बताए। जनैपूर्णिमाको दिन भक्तजनको घुइँचोलाइ राखीसो दिनका लागि सुरक्षा व्यवस्था, उपचार, खानेपानीलगायत विविध सेवाको व्यवस्था गरिएको उनले जानकारी दिए।



रसुवाको प्रवेशद्वार बेत्रावतीबाट गोसाइकुण्डसम्म सबै यात्रुलाई जिल्लास्तरको सेवा प्रदान गरिने अध्यक्ष डिएमले बताए। गोसाइकुण्डको तीर्थका २० जनाको समूह आज निलाद्री पर्वततर्फ प्रस्थान गरेको भन्दै उक्त समूहले सुलाद्री आरोहण गरिरहेको जानकारी प्राप्त भएको उनले जनाए।

भगवान् शंकरले बास लिनुभएको पवित्र कुण्डस्थलका रूपमा गोसाइकुण्ड रहेको छ। समुद्री सतहबाट १४ हजार एक सय फिटको उचाइमा जाँदा लेक लाग्ने समस्या हुने भएकाले उक्त समस्या समाधान गर्न चोलाङपाटी, लौरीविनायक र गोसाइकुण्डमा स्वास्थ्य शिविर राख्ने तयारी गरिएको समितिका अध्यक्ष डिएमले उल्लेख गरे।

गोसाइकुण्डका यात्री सहज यात्राका लागि आवश्यक सेवा दिने उद्देश्यले १३ वटा उपसमिति गठन गरिएको जानकारी दिँदै प्रमुख जिल्ला अधिकारी वेदनिधि खनालले पर्याप्त सुरक्षा व्यवस्था मिलाइसकिएकाले निर्धक्क भएर यात्रा गर्न आग्रह गरे। यात्राका क्रममा कुनै समस्या आए सुरक्षाकर्मी वा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, गोसाइकुण्ड क्षेत्र विकास समितिलगायत निकायमा जानकारी गराई सहयोग लिन उनले सबैमा अनुरोध गरे।

गोसाइकुण्ड जाँदा लौरी विनायकमाथि गएपछि श्वासप्रश्वासमा बढी सास्या देखिने भएकाले चोलाङ्पाटीमा रहने स्वास्थ्य शिविरमा आवश्यक परामर्श लिन अनुरोध गरिएको चिकित्सकले बताएका छन्। ग्लुकोजपानी प्रशस्त खाने, खालीपेट नराख्ने, अदुवा, कागती, पाचकलगायत वस्तुको सेवन गर्दै जाँदा सहज हुने ज्येष्ठ नागरिकको अनुभव छ।

घरबाट कुण्ड निस्कनुपूर्व कुल देवतासँग बिदा माग्ने, बेत्रावती पुगेर उत्तरगया धाममा केस मुण्डन र स्नान गर्ने, गङ्गा पूजन गरेर साथीसँग ॐ नमः शिवाय जप्दै उकालो लाग्ने, सुलाद्री पर्वत चढ्दा लौरी टेक्ने, लौरिविनायक पुगेर चढाउने मान्यता रहेको स्थानीय पुरोहित टंकप्रसाद ढकालले बताए। कुण्डमा पुगेर बढीमा तीन र कम्तीमा एक पटक स्नान गरी, निलकण्ठ दहमा पुजाआजा गरेपछि आफ्नो मनोकांक्षा भगवान्ले पूरा गर्ने धार्मिक मान्यता रहिआएको उनले उल्लेख गरे।

काठमाडौंबाट सवारीसाधनमा धुञ्चे पुगेपछि पैदल यात्रा सुरु हुन्छ। बाटोमा ठाउँठाउँमा थर्कु तथा होटल सञ्चालनमा रहेकाले खान र बस्न कुनै समस्या नपर्ने होटल व्यवसायी सङ्घका अध्यक्ष निसान गजुरेलले बताए। हिमाली क्षेत्रको वातावरण शरीरमा मिलाई हिँड्नका लागि काठमाडौंबाट आएको एक रात धुञ्चेमा बसेर भोलिपल्ट उकालो लाग्दा सहज हुने उनको सुझाव छ।

फोहोर तोकिएको स्थानमा मात्र फ्याँक्न, लट्ठीको नाममा रूख बिरुवा नकाट्न, पैदल मार्गमा भेटिने जनावरलाई संरक्षण गर्न लाङटाङ राष्ट्रिय निकुञ्जले सम्पूर्ण यात्रीमा अनुरोध गरेको छ। यात्रीले प्रयोग गरेका निजी सवारीसाधन सुरक्षाका लागि गोसाइकुण्ड गाउँपालिका-६ को कार्यालय धुञ्चेले सःशुल्क पार्किङको व्यवस्था गरिसकेको प्रमुख जिल्ला अधिकारी खनालले जानकारी दिए।

गोसाइकुण्ड जाने पैदल मार्ग स्वच्छ पार्न सरसफाइ कार्यक्रम सुरू भएको छ। पहिलो चरणअन्तर्गत जिल्ला प्रशासन कार्यालयको पहलमा धुञ्चेबाट मिनी गोसाइकुण्डसम्म सरसफाइ सम्पन्न गरिएको बताउँदै प्रजिअ खनालले क्रमशः सरसफाइलाई निरन्तरता दिने जनाए।



कैलालीको टीकापुरमा शुक्रबार थारु पोसाकमा गुरही (गुरिया) पर्व मनाउँदै थारु समुदाय। रोगव्याधि हट्ने र शान्ति तथा सद्भाव बढ्ने मान्यताका साथ थारु समुदायमा यो पर्व मनाउने गरिन्छ। *तस्बिर : रासस*

# जहाँ बसौं, इमानदार भएर बसौं : बिजुक्छें

**नागरिक संवाददाता**

*भक्तपुर, साउन २६*

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें रोहित अहिलेको आधुनिक युगमा इमानदारिता अति आवश्यक भएको बताएका छन्। पदमा बस्ने तर त्यसअनुसार इमानदारिता नदेखाउँदा समस्या हुने गरेको उनको भनाइ थियो।

निओ फ्युजन स्कुल अफ कम्प्युटर भक्तपुर-७ को शनिबार भक्तपुरमा भएको १९औं प्रमाणपत्र, प्रशंसापत्र, अभिनन्दन, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रमको उद्घाटन समारोहमा उनले सबै पेसाव्यवसायी इमानदार हुनुपर्ने खाँचो औंल्याए। ठूलो मानिस हुनुभन्दा पनि इमानदार मानिस हुनु महत्त्वपूर्ण रहेको उनको विचार थियो। बागमती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले आफूले सिकेको सिपमा दक्ष भई स्वदेशमै काम गर्नुपर्नेमा जोड दिए। भक्तपुर नगरपालिकाकी उपप्रमुख रजनी जोशीले नयाँ पुस्तामा मेहनतको महत्त्वबारे चर्चा गरिन्।

कार्यक्रममा जनाइएअनुसार संस्था सन् २००६ मा स्थापना भएको थियो। स्थापनाकालदेखि नै विभिन्न विषयमा युवाहरूलाई निःशुल्क तालिम प्रदान गरिरहेको जनाइयो।

कार्यक्रममा निःशुल्क तालिमका प्रशिक्षकलाई पुरस्कार वितरण गरिएको थियो। यसअनुसार कृष्णप्रसाद तुईतुई (निःशुल्क हाउस वाइरिङ तालिमका प्रशिक्षक), रेणु त्वानाबासु (निःशुल्क पत्रकारिता तालिमका प्रशिक्षक), दिपेश लागे (निःशुल्क मोबाइल मर्मत तालिमका प्रशिक्षक), सनिशा कोजु (निःशुल्क ब्युटी पार्लर तालिमका प्रशिक्षक), उगेन बोयुज (निःशुल्क धिमे बाजा तालिमका प्रशिक्षक), सविन लेवा (निःशुल्क धाँ बाजा तालिमका प्रशिक्षक), लक्ष्मी तामाङ (निःशुल्क नृत्यकला तालिमका प्रशिक्षक), सुमित बनमाला (निःशुल्क गीतार तालिमका प्रशिक्षक) र एन्जिला याकामी (निःशुल्क इन्टेरियु डिजाइन तालिमका प्रशिक्षक) लाई पुरस्कार प्रदान गरिएको थियो। साथै नेपालको ख्यातिप्राप्त पौभा कलाकार सूर्यबहादुर चित्रकारलाई सम्मानपत्र प्रदान गरिएको थियो। साथसाथै राधा ब्यान्जुलाई १५ वर्ष निरन्तर प्रशिक्षक रहेबापत कदरपत्र प्रदान गरिएको थियो।

संस्थाका निर्देशक बालकृष्ण बनमालाका अनुसार यो वर्ष मात्रै एसइई दिएर बसेका २३८ जना पुरुष र १९२ जना महिला गरी कुल ४६० जनालाई विभिन्न १० वटा तालिम दिइएको थियो। उनका अनुसार हालसम्म कुल ६ हजार ७८० जनालाई विभिन्न तालिम प्रदान गरी सिपयुक्त बनाइएको छ।

# डेंगी र हैजाका संक्रमित बढे

काठमाडौं, साउन २६ (रासस)- पछिल्लो समय डेंगी र हैजाका संक्रमितको संख्यामा वृद्धि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार डेंगी संक्रमितको संख्या तीन हजार ८४ पुगेको छ। चार दिनयता ७२२ जना डेंगी संक्रमित थपिएका हुन्।

यही साउन २१ गते दुई हजार ३६५ जनामा डेंगी पुष्टि भएको थियो। यो संख्या शुक्रबारसम्म तीन ८८४ रहेको महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले जानकारी दिए। उनका अनुसार मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेंगी संक्रमण फैलिएको छ। सबभन्दा बढी डेंगी तनहुँमा ५८३ जनामा देखिएको छ। काठमाडौं जिल्लामा ३०७, कास्कीमा १६६ र झापा १३५ जना डेंगी संक्रमित देखिएका छन्।

स्वास्थ्य मन्त्रालयले डेंगी संक्रमितको संख्या बढेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पताल परिसरमा सरसफाइ गर्नुको साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न आग्रह गरेको छ। 'सरकारी अस्पतालमा डेंगी रोगका बिरामीको उपचार खर्च सरकारले व्यहोर्ने निर्णय गरेको छ।

**४७ जनामा हैजा पुष्टि**

यस्तै महाशाखाका अनुसार हैजाका बिरामीका संख्या ४७ पुगेका छन्। किटजन्य रोग शाखाका प्रमुख डा. दाहालले ललितपुर, काठमाडौं, प्युठान, कैलाली र रूपन्देहीमा हैजाका बिरामी देखिएको बताए।

उनका अनुसार ललितपुरमा ३४, काठमाडौंमा दुई, कैलालीमा आठ, प्युठानमा दुई र रूपन्देहीमा एक जनामा हैजा पुष्टि भएको छ।

# मापदण्डविपरीत सञ्चालित धनुषाका डेरी उद्योग कारबाहीमा

जनकपुरधाम, साउन २६ (रासस)- खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले तोकिएको मापदण्डअनुसार दुग्धजन्य पदार्थ उत्पादन नगर्ने दुई डेरी उधोगमाथि कारबाही गर्ने भएको छ।

मापदण्डविपरीत सञ्चालित जनकपुर-१४ स्थित जानकी र छिरेश्वरनाथ नगरपालिका-५ स्थित विशाल डेरी उद्योगमाथि जिल्ला अदालत जनकपुरमा मुद्दा दायर गरी कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको हो। कार्यालयले अनुगमनका क्रममा दुवै उद्योगबाट उत्पादित सामग्रीको नमुना संकलन गरी जाँच गर्दा कैफियत पाएपछि कारबाही गरिएको कार्यालयका सूचना अधिकारी प्रवीण तिवारीले जानकारी दिए। 'माँ जानकी डेरी उद्योगबाट उत्पादित खुवा, घिउ तथा प्रशोधित दूधको नमुना संकलन गर्दा मापदण्डअनुसार नभएको पाइएको छ। विशाल डेरी उद्योगको पूजामा प्रयोग गरिने घिउको जाँच गर्दा कैफियत पाइएको हो,' उनले भने। बजारमा विशाल डेरीबाट उत्पादित घिउ नष्ट गरिएको छ।

कार्यालयले गत आवमा यहाँ ४६ वटा औद्योगिक तथा व्यावसायिक फार्मबाट उत्पादित सामग्रीको अनुगमन, छड्के निगरानी गरी मिसावट भएका, गुणस्तरहीन तथा म्याद नाघेका वस्तु नष्ट गरेको थियो। संकलित नमुनामध्ये प्रयोगशालामा जाँच गर्दा दुई डेरी उद्योग मापदण्डविपरीत सञ्चालन भएको पाइएको कार्यालयका सूचना अधिकारी तिवारीले जानकारी दिए।

कार्यालयबाट जनकपुरसहित धनुषाको विभिन्न बजार तथा चोकमा अनुगमन भएको थियो। व्यावसायिक होटल, रेस्टुरेन्ट, मासु पसल, किराना पसल, मिष्ठान भण्डार, बोर्डिङ स्कुलका क्यान्टिन, अस्पतालका क्यान्टिनको अनुगमन गरिएको थियो। अनुगमनका क्रममा ती व्यावसायिक फार्मबाट दुई लाख मूल्यबराबरको अखाद्य वस्तु नष्ट गरिएको तिवारीले बताए। गत आवमा मधेस प्रदेशको आठ जिल्लाबाट तीन हजार ५८७ खाद्यपदार्थको नमुना जाँच गर्दा ७४ वटा नमुना प्रतिकूल पाइएको थियो। तीमध्ये ३१ मुद्दा दायर, १६ को बयान सकिएको र अन्यको बयान लिन बाँकी रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले जनाएको छ।


## खार्पुनाथ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**याङ्चुवजार हुम्ला**
**कर्णाली प्रदेश नेपाल**

**क्याटलग/ब्रोसर सपिङ विधिवाट सवारी साधन खरिद गर्ने सम्वन्धि सूचना**

**सूचना नं ०१/२०८१/०८२**

**प्रथम पटक प्रकाशित मिति २०८१/०४/२७**

यस कार्यालयको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यलयको लागि आवश्यक पर्ने उपकरण सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ८ उपदफा १ (क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौ संशोधन सहित) को नियम ३१(ख)बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग/सपिङ) विधिवाट खरिद गर्नु पर्ने भएकोले आधिकारिकताको प्रमाण पत्र (**Letter of Authorization**), बिक्रेताले अद्यावधिक नविकरण भएको पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आव २०८०/०८१ को कर चुक्ता प्रमाणित कागजात, उक्त उपकरण सप्लाइ गरेको हाल सम्मको विस्तृत विवरण सम्वन्धित कार्य अनुभवको प्रमाण पत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशीफिकेसन, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा सिलवन्दी प्रस्ताव दर्ता गर्नु हुन यस कार्यालयमा सुचिकृत भएका सम्वन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीका लागि साथै सुचिकृत नभएका फर्म तथा कम्पनीहरुले पनि समय सिमा भित्र सुचिकृत भइ प्रस्ताव गर्न सक्ने गरी यो सुचना प्रकाशित गरिएको छ। यो सुचना सार्वजनिक खरिद नियमावली २०६४ तेह्रौ संशोधन को नियम ३१ ख बमोजिम आह्वान गरिएको छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा पछिको कार्यालय खुलेको दिन कार्यालय समय भित्र निवेदन पेश गर्न सकिने छ। थप जानकारीका आवश्यक परेमा कार्यालयको वेबसाइट **www.kharpunathmun.gov.np** वा फोन नं **९८४८३१६३५५** मा सम्पर्क गर्न सकिनेछ।

**खरिदको विवरण**

| सिनं | उपकरणको नाम | इकाइ | कैफियत |
|---|---|---|---|
| १ | 4WD Double cap Pick Up | १ | **स्वीकृत** Technical Specification **को लागि यस कार्यालयको वेबसाइट** www.kharpunathmun.gov.np **मा हेर्न सकिने छ।**<br>**सम्पर्क नं ९८४८३१६३५५/९८४४८२११४२**<br>Email- kharpunathmun@gmail.com |

**प्रमुख प्रशासकिय अधिकृत**



## राष्ट्रिय खेलकुद परिषद्
**त्रिपुरेश्वर, काठमाण्डौ,**
**बागमती प्रदेश**

**दर रेट पेश गर्ने बारे सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/04/२७**

राष्ट्रिय खेलकुद परिषद त्रिपुरेश्वर कार्यलय अन्तर्गत खेलाडी फिटनेस हल संचालन गर्न आवश्यक पर्ने फिटनेसका सामाग्रीहरुको टेण्डर प्रकृयाबाट खरिद कार्य गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तपशिल बमोजिमका सामाग्रीहरुको स्पेसिफीकेशन सहित प्रति इकाई दर रेट पेश गर्नु हुन अनुरोध छ। स्पेसीफिकेशन उल्लेख नगरिएका सामाग्रीको हकमा स्पेसिफिकेशन सहित दर रेट पेश गर्नु पर्ने छ। साथै फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, आयकर दर्ता प्रमाणपत्र, आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न गरी दररेट पेश गर्न हुन जानकारी गराइन्छ।

**तपशिल**

| S.N | Name of Equipment | Specification |
|---|---|---|
| 1 | Motorized Treadmill (Heavy Duty) | Heart Monitor : LED display monitor<br>Motor / Peak Value : 4.5 HP AC Motor, 7.0 H P<br>Speed Range : 0.8 - 22 KM / H<br>Slope Range : Auto incline 3 - 18%<br>Display : Speed, Distance, Time, Slope, Heart Rate, Calorie & Programs Preset<br>Training Program: 24 Groups of speed preset programs<br>Heart Rate : Hand pulse rate<br>Max User Weight : 180 KG<br>Running Area (L/W mm) : 1360 X 600<br>Machine Size (L/W/H mm) : 2210 X 1020 X 1630<br>Shock absorption : Multiple shock absorption |
| 2 | Cross Trainer | Monitor Fly : 8 inch TFT touch screen<br>Wheel : 14 kg / 2-ways bearing<br>Display : Speed, Distance, Time, Heart Rate, Calorie, Level, Watt, RPM, L1 - L24, Electro Magnetic Braking<br>Training Program : Manual, Hill, Speed training, Random, Fat burn, Interval, T.H.R+4 H.R.C, Quick Start Mode, Cool down mode, Cruise control mode<br>Heart Rate : Hand pulse rate<br>Max User Weight : 180 KG<br>Machine Size (L/W/H cm) : 229 x 72 x 179 cm<br>Shock absorption : Multiple shock absorption |
| 3 | Spinning Bike | Crank : 3pcs<br>Resistance system : Manual rotary knob system<br>Brake system : Aluminum alloy brake block (cow leather brake design )<br>Transmission system : High-strength chain<br>Wheel weight : 453 x 29(20KG), plating wheel<br>Chain cover material : Pitch 12.7mm, knot 108<br>Others : Chain cover: Prevent wheel from sweat<br>Carry wheel: Big plastics wheel<br>Seat and mat: PU material<br>Handlebar: Anti-slip and soaked-plastics, diameter 32mm<br>Machine Size L/W/H : 1210 x 540 x 1200 mm<br>Maximum user's weight : 150KG<br>Water bottle holder : Yes |
| 4 | Seated Rowing | Weight Stack(kg) - 1x88 (1x194Lbs)<br>L/W/H (mm) -1688x1240x1477 |
| 5 | LatpullPully | Weight Stack (kg)-1x99(1x218 Lbs.)<br>L/W/H (mm) -1360x1245x1935 |

| S.N | Name of Equipment | Specification |
|---|---|---|
| 6 | Squad Rack | L/W/H (mm) -1770x1210x1920 |
| 7 | Cable Cross | Weight Stack(kg) - 82X2KGS<br>L/W/H (mm) -1772X997X2226 |
| 8 | Leg Press- Hack Machine | L/W/H (mm) -2655x1030x1535 |
| 9 | Leg Curl | Weight Stack(kg) - 107KGS<br>L/W/H (mm) -1540x1100x1550 |
| 10 | Leg Extension | Weight Stack(kg) - 82KGS<br>L/W/H (mm) - 1159X1009X1500 |
| 11 | Smith Machine | L/W/H (mm) - 2220x1350x2353 |
| 12 | Power Rack | Standard Commercial |
| 13 | Olympic Barbell ( 6ft) | Standard Commercial |
| 14 | Olympic Rubber cover weight Plate | Standard Commercial |
| 15 | Robber Coated Dumbbell | Standard Commercial |
| 16 | Multi sit ups Bench | L/W/H (mm) -1735x726x766 |
| 17 | Flat Bench | L/W/H (mm) -1292x626x411 |
| 18 | Support Bench | Weight Stack(kg) - 1x81(1x178Lbs)<br>L/W/H (mm) -1168 x 1110 x 1477 |
| 19 | Cattle Dumbbell | Standard Commercial |
| 20 | Medicine ball ( 3 to 9 kg) | Standard Commercial |
| 21 | San Ball ( 5 to 20kg) | Standard Commercial |
| 22 | Wooden jump box | size of 2ft x 2ft or 3ft x 3ft or 4ft x 4 ft |
| 23 | Step box | Standard Commercial |
| 24 | Leather lifting belt (size - S. M. L ) | Standard Commercial |
| 25 | Swiss Ball | Standard Commercial |
| 26 | Yoga Mat | Standard Commercial |
| 27 | Rubber Mat ( Floor Mat) | size of 3ft x 3ft or 4ft x 4 ft |
| 28 | Parallel bar - Chin ups Machine | Weight Stack(kg) - 82KGS<br>L/W/H (mm) -1100X1010X2210 |
| 29 | Seated Calf Machine | Standard Commercial Machine |
| 30 | Weight & height Measurement | Height measurement range: 50-200cm, Measure accuracy: ±0.1cm<br>Weight measurement :<br>Measurement range: 2-200kg ,<br>Measurement accuracy: ±0.1kg<br>Working Voltage : AC110V-220V (50Hz/60Hz)<br>Print Thermal automatic printing and paper-cutting<br>Package size : 125*30*30(cm); 46*57*20(cm);<br>Gross weight 20.5kg |
| 31 | Theyra band | Standard Commercial |
| 32 | Roller Massages | Soft,Medium and Hard |
| 33 | Weight Plate Stand | L/W/H (mm) -785X906X1466 or Standard Commercial |
| 34 | Dumb bell Stand | L/W/H (mm) -2479x771x857 |
| 35 | Fix barbell set with stand | Standard Commercial |
| 36 | Battle Rope | Standard Commercial Size |
| 37 | Hyper Extension | L/W/H (mm) -1640x1018x733 |

**बजार**

सुन तोला - १४८,१००

चाँदी तोला - १७३०

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर - | १३४.०४ | १३४.६४ |
| युरो - | १४६.३४ | १४६.९९ |
| पाउन्ड स्टर्लिङ - | १७०.८४ | १७१.६१ |



संखुवासभाको सदरमुकाम खांदबारीको टुँडिखेलमा नियमित लाग्ने शनिबारे कृषिबजारको दृश्य। हप्ताको दुईदिन लाग्ने यस हाटमा भोजपुरको षडानन्द नगरपालिका र धनकुटाको लेगुवासम्मका कृषक हाट भर्न आउने गर्छन्। *तस्बिर : सुजन वज्राचार्य/रासस*

ट्रंक लाइन विवाद

# समस्या फरक छ, छुट्टै छानबिन होस्ः उद्योगी

## बुटवल-भैरहवाका उद्योगीले माग्दै नमागेको र प्रयोग पनि नगरेको ट्रंक लाइनको पैसा तिर्न नसक्ने बताएका छन्।

**रेखा भुसाल**

*बुटवल, साउन २६*

बुटवल-भैरहवा करिडोरका उद्योगीले डेडिकेटेड र ट्रंक लाइनको नाममा आफूहरूले प्राधिकरणसँग माग्दै नमागेको र प्रयोग नै नगरेको विद्युत्को महसुल तिर्न नसक्ने बताएका छन्। करिडोरका २१ वटा उद्योगले ट्रंक लाइनका सम्बन्धमा प्राधिकारणसँग कुनै माग वा सम्झौता नै नगरेको र प्रयोग पनि नगरेको बिजुलीको महसुल बुझाउन नसक्ने बताएका हुन्।

अन्यत्रको भन्दा बुटवल-भैरहवा करिडोरको समस्या फरक प्रकृतिको रहेकाले छुट्टै अध्ययन समिति बनाएर समस्याको समाधान खोज्न यहाँका उद्योगीले माग गरेका छन्। भलवारी स्वचालित चामल कारखानाका सञ्चालक चन्द्रमान श्रेष्ठले आफूहरूले माग्दै नमागेको र प्रयोग नै नगरेको ट्रंक लाइनको पैसा तिर्न नसक्ने बताए। करिडोरका उद्योगी श्रेष्ठले अन्यत्रको भन्दा यहाँको समस्या फरक रहेकाले छुट्टै अध्ययन समिति बनाउन माग गरे। पञ्चकन्या स्टिलका महाप्रबन्धक देवेन्द्र साहुले प्राधिकरणले आफ्नो आन्तरिक भारमिलानको क्रममा करिडोरका उद्योगीमाथि जरबजस्ती भार थोपरेको बताए। अन्यत्रभन्दा बुटवल-भैरहवा करिडोरका उद्योगको वास्तविकता फरक रहेको भन्दै छुट्टै छानबिन गरिनुपर्ने साहुले बताए।

विद्युत् प्राधिकरणले डेडिकेटेड तथा ट्रंकलाइन महसुल उठाउने नाममा अन्यत्रका उद्योगी र बुटवल-भैरहवा करिडोरका उद्योगीलाई एउटै डालोमा राखेर हेर्दा समस्या बल्झिएको हो।

यो करिडोरका २१ मध्ये ६ वटा उद्योगले विगत २३ वर्षदेखि ३३ केभि औद्योगिक विद्युत् करिडोर प्रसारण लाइन भैरहवा-पुरानो र भैरहवा न्युफिडरमार्फत विद्युत् खपत गर्दै आएका छन्। करिडोरका गोयन्का फुड्स प्रालि, घराना फुड्स प्रालि, श्याम प्लाष्टिक उद्योग, भलवारी स्वचालित चामल कारखाना, एसआर फुड्स प्रालि र सिद्धार्थ पेट प्लाष्ट प्रालि ट्रंक लाइन अन्तर्गत नै नपर्ने उद्योगहरू हुन्। यी उद्योगले खपत गरेको विद्युत्को महसुल प्राधिकरणको बिलबिजक अनुरूप समयमै भुक्तान गरिरहेका छन्। प्राधिकरणले भने २०७२ साल भदौदेखिको छुट बिल भन्दै यी उद्योगहरूलाई पनि ट्रंकलाइन बापतको प्रिमियम शुल्क तिर्न २०७७ सालदेखि ताकेता गरिरहेको छ।

ट्रंक लाइनमा पर्दै नपर्ने र डेडिकेटेड लाइन माग्दै नमागेका उद्योगहरूलाई केका आधारमा थप शुल्क मागियो भन्ने जवाफ प्राधिकरणकै कर्मचारीहरू सँगसमेत छैन। एसआर फुड्सका सञ्चालक सुमन भुसालले आफूहरूले ट्रंक लाइन चाहियो भनेर माग नै नगरेको बताए। 'हामीले प्राधिकरणमा न माग पत्र पेश गरेका छौं न ट्रंक लाइन लिने भनेर सम्झौता गरेका छौं, न प्रयोग गरेका छौं। माग्दै नमागेको र प्रयोग नै नगरेको ट्रंक लाइनको पैसा कसरी तिर्ने ?' भुसालले भने। करिडोरका बाँकी १५ वटा उद्योगले पनि ट्रंक लाइनका लागि प्राधिकरणसँग न माग पत्र पेश गरेका छन्, न कुनै सम्झौता नै भएको छ। प्राधिकरणले भने ती उद्योगलाई छुट बिलको नाममा ट्रंक लाइनको महसुल तिर्न ताकेता गरिरहेको छ।

करिडोरका उद्योगहरू पञ्चकन्या प्लाष्टिक इन्डष्ट्रिज प्रालि, पञ्चकन्या स्टिल प्रालि, सोना प्याकेजिङ इन्डष्ट्रिज प्रालि, एसआर स्टिल प्रालि, नव नेपाल प्लाष्टिक इन्डष्ट्रिज, शुभ लक्ष्मी पोलिमर्स, नेसनल रबर इन्डष्ट्रिज, जय दुर्गा प्लाष्टिक इन्डष्ट्रिज, सोना पोलिमर्स इन्डष्ट्रिज, यशोदा फुड प्रालि, प्रिया प्याकेजिङ इन्डष्ट्रिज, एजी हेल्थ इन्डष्ट्रिज, एभरेष्ट रोलिङ इन्डष्ट्रिज प्रालि, लुम्बिनी फ्लोर मिल, र फेरो स्टिल प्रालि बुटवल-भैरहवा करिडोरमा पर्छन्।

यी कुनै पनि उद्योगले ट्रंक लाइन चाहियो भनेर प्राधिकरणसँग माग गरेका छैनन्। न कुनै सम्झौता भएको छ। प्राधिकरणले आफ्नो भार मिलानका क्रममा ट्रंक लाइन अन्तर्गत पर्न गएका उद्योगीबाट जबरजस्ती प्रिमियम शुल्क असुल्न खोजिरहेको छ। पञ्चकन्या स्टिलका महाप्रबन्धक साहुले प्राधिकरणसँग ट्रक लाइन लिने कुनै माग वा सम्झौता नगरिएको बताए। 'माग्दै नमागेको ट्रंक लाइन किन जोडियो ? ट्रक लाइन मार्फत विद्युत् दिइएको भए त्यतिबेलै किन ट्रक लाइनको महसुल मागिएन ?', साहुले भने।

> ट्रंक लाइनमा पर्दै नपर्ने र डेडिकेटेड लाइन माग्दै नमागेका उद्योगहरूलाई केका आधारमा थप शुल्क मागियो भन्ने जवाफ प्राधिकरणकै कर्मचारीहरू सँगसमेत छैन।

करिडोरका अर्का उद्योगी नवराज श्रेष्ठले जिम्मेवार निकायले आफ्नो काम सही ढंगले नगर्दा त्यसको मार करिडोरका उद्योगीहरूलाई परेको भन्दै आफूहरूले लिँदै नलिएको सेवाको शुल्क तिर्न नसक्ने बताए। आफूहरू अन्यायमा परेको भन्दै उनले सरकारले कानुनी राज्यको प्रत्याभूति दिनुपर्ने बताए।

**समस्याको मूल जरो**

यो करिडोरका उद्योगमा २०७४ फागुन अघिसम्म बुटवल ग्रिडबाट भैरहवा हुँदै अमुवा सबस्टेसनसम्म पुऱ्याइएको सर्किट थियो। लोडसेडिङको चर्को मारबाट गुज्रिरहेको भैरहवालाई लोडसेडिङ मुक्त बनाउन २०७४ को चैतमा सो सर्किट काटियो र भैरहवा क्षेत्रमा वितरण गरियो। अमुवालाई भैरहवा वितरण केन्द्रबाट अलग गरिएपछि माग र आपूर्तिको तालमेल मिलाउन भरौलिया सबस्टेसनबाट अमुवासम्म सर्किट जोडियो।

आन्तरिक भार मिलान तथा फेज सिक्वेन्स सन्तुलनका लागि सो सर्किट जोडिएपछि करिडोरका उद्योगहरू ट्रंक लाइनअन्तर्गत परे। २०७२ अघिको विद्युत् विनियमावलीले एउटा सबस्टेसनबाट अर्को सबस्टेसनसम्म लगिने सर्किटलाइ ट्रंक लाइन भनेर परिभाषित गरेको छ। सोही परिभाषा अनुरूप प्राधिकरणले तत्कालीन समयमा ट्रंक लाइन जोडिएको भनेर उद्योगीलाई सामान्य जानकारी गरायो। त्यसपछि पनि उसले ट्रंक लाइन बापतको महसुल बिल भने काटेन।

त्यसो त विद्युत् महसुल विनियम २०७३ मा दैनिक कम्तीमा ६ घण्टा लोडसेडिङ भएको अवस्थामा २० घण्टा वा सोभन्दा बढी समय विद्युत् उपभोग गर्न प्राधिकरण सञ्चालक समितिमा ग्राहक (उद्योगी) ले मागपत्र पेश गरी स्वीकृत भएर सम्झौता भएपछि बल्ल डेडिकेटेड फिडरमार्फत ट्रंकलाइन विद्युत् उपभोग गर्न पाउने व्यवस्था छ। ट्रंक लाइन प्रयोग गरेबापत साविकको भन्दा ६६.६७ प्रतिशत बढी महसुल बुझाउनु पर्छ।

बुटवल-भैरहवा कडिरोरका उद्योगीले न ट्रंक लाइनका लागि निवेदन दिएका थिए, न त साविकको समयमा विद्युत् नियमित थियो। तत्कालीन समयमा करिडोरमा ८ देखि १२ घण्टा सम्म लोडसेडिङ थियो। जुन कुरा बुटवल ग्रिड महाशाखाबाट प्रमाणित लग सिटमा छ। करिडोरका उद्योगीहरूले त्यतिबेलै यस विषयमा प्राधिकरणको भैरहवा वितरण केन्द्र र क्षेत्रीय कार्यालय बुटवललाई ध्यानाकर्षण गराएका थिए।

उद्योगीसँगको अनौपचारिक भेटमा भैरहवा वितरण केन्द्रका तत्कालीन प्रमुख उमेश झाले ट्रंकलाइन बापतको महसुल तिर्न नपर्ने र त्यसका लागि आफूले केन्द्रमा कुरा मिलाउने आश्वासन उद्योगीलाई त्यतिबेलै दिएको स्रोतको दाबी छ।

उद्योगीले पनि तत्कालीन समयमा झाको अश्वासन पत्याए। लगत्तै २०७५ को अन्त्यतिर देशलाई लोडसेडिङ मुक्त घोषणा गरियो। उद्योगी झन् ढुक्क भए। प्राधिकरणले पठाएको बिल अनुरूप महसुल सरासर चुक्ता गर्दै गए।

मिहीन ढंगले केलाउने हो भने तत्कालीन समयमा प्राधिकरणको सम्बन्धित कार्यालयका प्रमुखहरूले नियमसंगत ढंगबाट आफ्नो जिम्मेवारी पूरा नगरीदिँदाको घानमा करिडोरका उद्योगी परेको स्पष्ट हुन्छ।

प्राधिकरणको ट्रंक लाइन विवाद सुरु भए यता उद्योगीहरू सम्बन्धित मन्त्रालय, प्राधिकरणको क्षेत्र, प्रदेश र केन्द्रीय कार्यालयहरूमा पटक पटक डेलिगेन गए। यस पटक यो विवाद सदनदेखि लेखा समितिसम्म पुगेको छ। उद्योगीहरूले यसपटक पनि अर्थमन्त्री, ऊर्जामन्त्री, मन्त्रालयका उच्च अधिकारी, दलका नेता, लेखा समिति, प्राधिकरणका क्षेत्र र प्रदेशका अधिकारीहरू सबैलाई भेटेर वास्तविकता बेलीविस्तार लगाएका छन्।

उद्योग सञ्चालनको कामलाई समेत थाती राखेर आफूहरू न्यायका लागि राज्यसँग गुहार माग्दै हिँड्नु परेको करिडोरका उद्योगीको गुनासो छ। आफूहरूको लडाइ न्यायका लागि भएको भन्दै उनीहरूले अन्यायमा परेर एक रूपैयाँ पनि तिर्न नसक्ने दोहोऱ्याएका छन्।

तत्कालीन समयमा ट्रंक लाइनबाट डेडिकेटेड सरह २० वा सोभन्दा धेरै विद्युत् खपत गरेको टिओडी डाटाको विवरण उपलब्ध गराए प्रिमियम शुल्क तिर्न तयार रहेको पनि उद्योगीले बताएका छन्।

उद्योगीहरूले लाल आयोगको प्रतिवेदन कार्यान्वयनको माग पनि गरेका छन्। २०७८ सालमा ट्रंक लाइन र डेडिकेटेड लाइन विवाद छानबिन गर्न गिरीशचन्द्रलालको अध्यक्षतामा जाँचबुझ आयोग गठन भएको थियो। प्राधिकरणको आन्तरिक भार मिलानका क्रममा बुटवल-भैरहवा करिडोर ट्रंक लाइनको परिभाषामा परे पनि यो करिडोरका उद्योगीले प्राधिकरणसँग ट्रंक लाइनको माग नगरेको र सम्झौता पनि नभएकाले समस्या अन्यत्रको भन्दा फरक रहेको लाल आयोगको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा बुटवल-भैरहवा करिडोरका उद्योगलाई ट्रंक लाइनको बिलिङ गर्नु न्यायसंगत नहुने पनि स्पष्ट उल्लेख छ।

# जलजला गाउँपालिकाले बिउ आलु उत्पादन गर्नेलाई नगद अनुदान दिने

**हरिकृष्ण गौतम**

*म्याग्दी, साउन २६*

पर्वतको जलजला गाउँपालिकाले उन्नत जातको बिउ आलुमा आत्मनिर्भर बनाउन कृषकलाई आलुको बिउमा १० लाख ७५ हजारभन्दा बढी अनुदान दिएको छ।

आलु रोप्ने सिजनमा बिउ नपाएर चिन्तित हुने कृषकलाई लक्षित गरी गाउँपालिकाले आलुको मूल बिउ गाउँपालिकाले खरिद गर्ने सम्झौता अनुसार प्रगतिशील बिउ उत्पादन समूह र नमुना कृषि तथा पशुपक्षी कृषक समूहलाई ३३ हजार दुई सय केजी बिउ आलुको १० लाख ७५ हजार चार सय ५० रूपैयाँ अनुदान वितरण गरिएको हो।

प्रगतिशील बिउ उत्पादन समूहलाई प्रतिकेजी ३५ रूपैयाँको दरले २२ सय ७० केजी मूलबिउको ७९ हजार चार सय ५० रूपैयाँ र प्रगतिशील बिउ उत्पादक कृषक समूहलाई प्रमाणित प्रथम पुस्ताको बिउको प्रतिकेजी ३० का दरले ९ लाख ९६ हजार अनुदान उपलब्ध गराइएको गाउँपालिकाका कृषि अधिकृत राजुप्रसाद गौतमले बताए। 'कृषकको आलुको बिउ गाउँपालिकाले खरिद गर्ने सम्झौता छ, अनुदानसँगै प्रोत्साहनका कार्यक्रमबाट उहाँहरू उत्साहित हुनुहुन्छ', अधिकृत गौतमले भने। बिउ आलुका लागि गाउँपालिकाले मल तथा उत्पादन साम्रगी समेत दिने गरेको छ।

गाउँपालिकाले समूहमार्फत खरिद गरेको बिउ आलु पोखराको कोल्ड स्टोरमा भण्डारण गरी सिजनमा गाउँपालिका भित्रका बिउ उत्पादक कृषक समूहलाई नै वितरण गरिन्छ।



पर्वतको जलजला गाउँपालिकाले उन्नतजातको बिउ आलुमा आत्मनिर्भर बनाउन कृषकलाई नगद अनुदान दिदैं प्रोत्साहन गरिरहेको छ। *तस्बिर : नागरिक*

> गाउँपालिकाले एक वर्षमा आलु बिउबाट २९ लाख ७१ हजार राजस्व संकलन गरेको छ।

गाउँपालिकाले आलुको सिजनमा मल बिउ नपाएर निराश कृषकलाई लक्षित गरी राष्ट्रिय आलु बाली अनुसन्धान केन्द्रसँग सामूहिक मूलबिउ रोप्ने अभियान सञ्चालन गरेको थियो। गाउँपालिकाभित्र बर्सेनि आलु बिक्री गर्ने ४० अगुवा कृषक छन्।

गाउँपालिकाभित्र आलुको पकेट क्षेत्रमा एउटै बिउको प्रयोग हुँदा निर्वाहमुखी उत्पादन र बिक्री गर्ने क्रममा गुणस्तरमा देखिएको समस्या समाधान गर्ने गरी राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क) ले सिफारिस गरेको रोग प्रतिरोधात्मक क्षमताको मूलबिउ भित्र्याएर अनुदान दिएको प्रमुख प्रशासकीय अधिकृत फणिन्द्रप्रसाद आचार्यले बताए। 'आलुखेतीका लागि बिउमाअनुदान दिन सुरु गरेपछि कृषकको संख्या बढ्दै गएको छ, समूहमा आवद्ध भएर आलु खेतीमा सक्रिय हुनेको संख्या बढ्दो छ', आचार्यले भने।

जलजला आलु उत्पादनका लागि उर्वर मानिए पनि विगतमा उन्नतजातको आलुको बिउ समयमै नपाउँदा निराश हुने कृषकको समस्या समाधान भएको प्रगतिशील बिउ उत्पादन समूह तारानाथ भुषालले भने। 'गाउँपालिकाले सहयोग गरेपछि यहाँका कृषक आलु उत्पादनमा हौसिएका छन्, अनुदान दिने मात्र होइन खरिदमासमेत सघाउनु हाम्रा लागि ठूलो राहत हो', अगुवा कृषक भुषालले भने।

आलुको गुणस्तर राम्रो भएकाले अन्य पालिकाबाटसमेत बिउ लिन आउने गरेका छन्। यसैबीच गाउँपालिकाले गत आर्थिक वर्ष २०८०/८१ मा ६६ हजार ७० केजी उन्नत बिउ बिक्री गरी २९ लाख ७१ हजार ६ सय ४९ रूपैयाँ आन्तरिक आम्दानीतर्फ राजस्व संकलन गरेको छ।

गाउँपालिकाले कृषकबाट खरिद गरेको आलुको बिउ ५० प्रतिशत अनुदानमा कृषक र कृषि ज्ञान केन्द्रमार्फत सिफारिस भएका कृषक समूह तथा म्याग्दी, कास्की लगायतका जिल्लाका कृषकलाई ३५ हजार नौ सय ७७ केजी बिउ बिक्री गरी २१ हजार ९८ हजार ६ सय ५९ आम्दानी गरेको हो। गाउँपालिका भित्रका समूहलाई प्रतिकेजी ३० रूपैयाँ र पर्वत र अन्य जिल्लाका समूहलाई ६० रूपैयाँमा बिउ आलु बिक्री गरिएको छ।

गाउँपालिकाले आलुको बिउ बिक्रीबाट कुल राजस्व संकलनको २२ प्रतिशत संकलन गरेको छ। ढुंगागिटी, बालुवा बिक्रीबाट हुने आम्दानीपछि सबैभन्दा धेरै राजस्व बिउ आलु बिक्रीबाट गाउँपालिकाले आम्दानी गरेको छ।

**Netrawati Dabjong Rural Municipality**
**Office of the Rural Municipal Executive**
Semjong, Dhading
Bagmati Province, Nepal

**Invitation For Bids**

**(Date of First Publication: 2081/04/27 (11-08-2024)**

1. Netrawati Dabjong Rural Municipality, office of the Rural Municipal Executive invites electronic bids from eligible bidders for Procurement, Supply and installation of xray machine in Netrawati dabjong Rural municipality under National Competition Bidding procedures.
2. Eligible Bidders may obtain further information about the Bidding Documents at the office of Netrawati Dabjong Rural Municipality Semjong ,Dhading Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank    Name of Office : Netrawati Dabjong Rural Municipality
   Rajaswa (revenue) Account no. for bid documentee fee : 5170100301010002 (GA-1-1)
   Security deposit (Dharauti) Account no. for Bid Security: 5170100303010002 (GA-3-1)
3. Interested bidders should submit at the office of Netrawati Dabjong Rural Municipality Semjong ,Dhading Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on before **2081/05/25(10-09-2024)12:00 noon**.
4. Pre-bid meeting shall be held at Office of Netrawati Dabjong Rural Municiplaity, ***Semjong*** at **2081/05/17(02-09-2024)13:00PM**
5. The bids will be opened at **2081/05/25 (10-09-2024) 13:00PM** hours at the office of Netrawati Dabjong Rural Municipality Semjong, Dhading Nepal.

| Contact ID | Description of work | Estimated Amount (with VAT) | Bid Security Amount NRs | Bid Validity Period | Bid Security Validity Period | Bid Document Fee Nrs |
|---|---|---|---|---|---|---|
| 01/081/82xray | Procurement Supply and installation of Xray machine (500mA) with CR system as specification | 30,63,430.00 | 92,000.00 | 90 days | 120 days | 3000.00 |

**Chief Administrative officer**

**वर्गीकृत विज्ञापन/डिस्प्ले**

**घरजग्गा**

काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमाः ९७६७६५५२९५, ९८०३२३१८७६

स्वयम्भु भगवानपाउको अत्याधुनिक आकर्षक बंगला तुरुन्तै बिक्रीमा ९८०६६५८८००, ९८०३८२२२७२

**सम्पर्क**

**फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्ः ९८४९३३३५९०**

**होटल बिक्रीमा**

**स्वयम्भु विजेश्वरी हाइवेको चलिरहेको होटल ॐ तुरुन्तै बिक्रीमाः ९८०३८२२२७२, ९८०६६५८८००**



सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकामा पटुवाको बोटबाट जुट केलाउँदै किसान। खेतबाट पटुवाको बोट काटेर १५ दिन पानीमा डुबाएर राखेपछि त्यसको बोक्रा जुट बन्छ र भित्रको डाँठ सुकाएपछि सन्ठी। जुटको रेसाबाट बोरा, झल्ला र झोला लगायत अनेक सामान बनाइन्छ भने सन्ठी चाहिँ बाल्न र बेराबाराका लागि उपयोग गरिन्छ। *तस्बिर : नवीन गड्तौला/रासस*

# उदयपुरको राजस्व ६ करोड घट्यो

**महेश्वर चामलिङ राई**

*उदयपुर, साउन २६*

उदयपुरको राजस्व संकलन विगतको तुलनामा घटेको छ। अर्थात् लक्ष्यको ७१.६४ प्रतिशत मात्र उठेको छ।

आर्थिक वर्ष २०७९/८० मा भन्दा २०८०/८१ को राजस्व संकलन लक्ष्य १५ प्रतिशतले कम उठेको करदाता सेवा कार्यालय गाइघाटले जनाएको छ। कार्यालय प्रमुख कर अधिकृत रामबहादुर राईका अनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल राजस्व रकम ५६ करोड ४४ लाख चार हजार संकलन भएको छ। अघिल्लो आर्थिक वर्ष ०७९/८० मा झन्डै ६ करोड बढी अर्थात् ६१ करोड ८३ लाख ३२ हजार उठेको थियो।

पछिल्लो आर्थिक वर्षको राजस्व संकलन लक्ष्यको ७१.६४ प्रतिशतमा सीमित भएको राईले बताए। आर्थिक वर्ष २०७९/८० मा लक्ष्यको ८६.७२ प्रतिशत संकलन भएको थियो। आव २०८०/८१ मा सबभन्दा ठूलो आकारको राजस्व आयकर, दोस्रो ठूलो हिस्सा मूल्य अभिवृद्धि कर (भ्याट) र तेस्रो अन्तःशुल्क उठेको छ।



करदाता सेवा कार्यालय भवन। *तस्बिर : महेश्वर/नागरिक*

कार्यालयले आयकर ३० करोड २४ लाख १५ हजार संकलन गर्दै ३७ करोड ८६ लाख २३ हजार उठाउने लक्ष्यमा ७९.८७ प्रतिशत प्रगति गरेको हो। त्यस्तै भ्याटबापतको कर २३ करोड ३५ लाख ८० हजार अर्थात् दोस्रो ठूलो हिस्सा राजस्व उठेको छ। भ्याटमा ३६ करोड ४९ लाख एक हजार उठाउने लक्ष्य लिएको कार्यालयले लक्ष्यको ६४.०९ प्रतिशतमै सीमित हुन पुगेको प्रमुख राईले बताए।

त्यसैगरी बहाल करबापत ८९ लाख ५७ हजार उठाएको कार्यालयले ज्याज करबापत ४४ लाख ९९ हजार उठाएको छ। सो कार्यालयले बहाल कर ५९.३० प्रतिशत र ब्याज कर धेरै कम अर्थात् ४०.५५ प्रतिशत संकलन गरेको छ। शिक्षा सेवा कर एक हजार उठ्दा अन्य कर ६६ हजार संकलन भएको छ।

अघिल्लो आर्थिक वर्ष ३५ करोड ५० लाख ५६ हजार आयकर उठाउने लक्ष्य लिएको कार्यालयले ८५.०६ प्रतिशत प्रगति गर्दै ३० करोड २० लाख २३ हजार संकलन गरेको थियो। त्यस्तै भ्याटबापत २८ करोड ६५ लाख ३७ हजार संकलन गर्ने लक्ष्य लिएकोमा ९९.८० प्रतिशत प्रगति गर्दै २८ करोड ५९ लाख ९४ हजार उठाएको थियो।

आव २०७९/८० मा पाँच करोड १३ लाख ७० हजार अन्तःशुल्क उठाउने लक्ष्य लिँदा २५.२२ प्रतिशत प्रगति गर्दै एक करोड २९ लाख ५४ हजार संकलन गरेको थियो। कार्यालयले बहाल कर ८२.७७ प्रतिशत अर्थात् एक करोड १५ लाख ५४ हजार र ब्याज करमा ९५.६९ प्रतिशत प्रगति गर्दै ६१ लाख सात हजार संकलन गरेको थियो।

पछिल्लो वर्ष अन्य शीर्षकको राजस्व सन्तोषजनक भए पनि भ्याटमा फराकिलो कमी आएकाले लक्ष्य पूरा हुन सकेन। अघिल्लो वर्ष भ्याटमा ९९.८० प्रतिशत प्रगति भएर लक्ष्यनिकट राजस्व संकलन भए पनि पछिल्लो वर्ष ६४.०९ प्रतिशतमै खुम्चिँदा लक्ष्य भेट्न फराकिलो दूरी कायम भएको कार्यालय प्रमुख राईले बताए।

त्यसैगरी आयकर पनि अघिल्लो वर्षभन्दा निकै कम अर्थात् ७९.८७ प्रतिशत मात्र संकलन भयो। जब कि अघिल्लो वर्ष ८५.०६ प्रतिशत संकलन भएको थियो। 'ठूलो आकारमा राजस्व उठ्ने भनेकै आयकर र भ्याट हो, यही दुई शीर्षक लक्ष्यभन्दा निकै तल रहे' कर अधिकृत राईले भने 'अर्थतन्त्र सुधार नहुनु र स्थानीय बजारमा मन्दी आउनुले पनि यस्तो भएको हुनसक्छ।'

# महिला उद्यमीको तीज उत्सव सम्पन्न

**नागरिक संवाददाता**

*काठमाडौं, साउन २६*

महिला उद्यमी महासंघ नेपाल (एफविन)को आयोजनामा शनिवार काठमाडौंमा तीज उत्सव कार्यक्रम सम्पन्न भएको छ। महिला उद्यमीले उत्पादन गरेका वस्तुको प्रदर्शनीसहित तीज उत्सव कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा बौद्ध धर्मगुरु स्याल्पो रिम्पोचेले उद्यमशीलताका लागि शुभकामना दिँदै विश्व शान्तिको आवश्यकता रहेकोसमेत बताए।

कार्यक्रममा एफविनका अध्यक्ष शोभा ज्ञवालीले तिजको अवसरमा महिला उद्यमशीलता प्रवर्द्धनका लागि कार्यक्रम आयोजना गरिएको बताइन्। प्रदर्शनीले महिलाले तयार गरेका वस्तुको बजार प्रवर्द्धनमा टेवा पुग्ने धारणा राखिन्। महासंघले महिला उद्यमीलाई प्रोत्साहन गर्दै आएको छ। कार्यक्रममा एफविनका संस्थापक सदस्य याङकिला सेर्पा, एफविनका प्रथम उपाध्यक्ष दर्शना श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए।



तीज उत्सवको अवसरमा महिला उद्यमीले उत्पादन गरेका विभिन्न वस्तुका ३१ वटा स्टल राखिएको जानकारी एफविनकी कार्यकारी निर्देशक अभिलाषा पौडेलले दिइन्।

प्रदर्शनीमा चुरा, टीका, शृंगारका सामग्री, ढाका, कुर्ता, सुरुवाल, खाद्य परिकारका स्टल, विभिन्न डिजाइनरले डिजाइन गरेका सामग्री, घरेलु उत्पादन लगायत राखिएको छ।

# सिवाइसी लघुवित्तको सिइओमा शर्मा

**नागरिक संवाददाता**

*काठमाडौं, साउन २६*

सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड पोखराको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा डोलेन्द्रप्रसाद शर्मा नियुक्त भएका हुन्। संस्थाको सञ्चालक समितिको बैठकले शर्मालाई चार वर्षका लागि सिइओमा नियुक्त गरेको हो।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा २९ को नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत पत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनको मापदण्डका आधारमा शर्मालाई सिइओमा नियुक्त गरेको संस्थाका सिवाइसी लघुवित्तका अध्यक्ष पद्मनाथ शर्माले बताए। सिइओ शर्माले संस्थाका अध्यक्षको उपस्थितिमा पद तथा गोपनीयताको शपथ ग्रहण गरेका थिए।

शर्मा यसअघि सिवाईसी लघुवित्तको प्रबन्ध सञ्चालकको रूपमा काम गरेका थिए। सञ्चालक समेत भएर काम गरेका शर्माको कुलिङ पिरियड सकिएपछि सिइओमा नियुक्त भएका हुन्। नवनियुक्त सिइओ शर्माले राष्ट्र बैंकको मार्गदर्शन र लघुवित्त संस्थाको मूल्य, मान्यता अनुसार काम गर्ने बताए।




## कुमारी बैंक लिमिटेड शाखा कार्यालय बिर्तामोड (साबिक अनारमनी)को धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०४/२७ गते नागरिक दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बिर्तामोडबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ भदौ ०२ गते आइतबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय बिर्तामोडमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०३/३१ मा दर्ता नं. १९३१७४/७४/०७५ कायम भई दर्ता रहेको झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.।**

**संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

१. **नविन विमली**
ना.प्र.नं.: ३५७४४३५२
जारी मिति: २०५९/०१/१८, जि.प्र.का. झापा
बाबु: मेधन प्रसाद बिमली
बाजे: पुण्य प्रसाद बिमली
स्थायी ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १०

२. **मनरथ भेटुवाल**
ना.प्र.नं.: ९९०१५९८१
जारी मिति : २०४५/०१/०४, जि.प्र.का. झापा
बाबु : लक्ष्मी प्रसाद भेटुवाल
बाजे : दधिराम भेटुवाल
स्थायी ठेगाना: झापा जिल्ला, पृथ्वीनगर गा.वि.स., वडा नं. ०४
हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२

३. **कपिल बिमली**
ना.प्र.नं.: ०४१०१४/३६८
जारी मिति : २०६४/०८/१८, जि.प्र.का. झापा
बाबु : मेधन प्रसाद बिमली
बाजे : पुण्य प्रसाद बिमली
स्थायी ठेगाना: झापा जिल्ला, गरामनी गा.वि.स., वडा नं. ०९
हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १०

४. **ओम प्रकाश विमली**
ना.प्र.नं.: १८२४१९८४
जारी मिति : २०५६/०४/१४, जि.प्र.का. झापा
बाबु : खेमराज विमली
बाजे : खड्ग प्रसाद विमली
स्थायी ठेगाना: झापा जिल्ला, डागीवारी गा.वि.स., वडा नं. ०८
हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२

५. **सर्मिला सेलवाल**
ना.प्र.नं.: ०३/४६३३
जारी मिति : २०६३/०४/१५, जि.प्र.का. झापा
बाबु : देवी प्रसाद सेलवाल
बाजे : याम नाथ सेलवाल
स्थायी ठेगाना: झापा जिल्ला, डागीवारी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १०

६. **खेम राज बिमली**
ना.प्र.नं.: ०४-०१-७२-११६२१
जारी मिति : २०७२/१२/१७, जि.प्र.का. झापा
बाबु : खड्ग प्रसाद बिमली
बाजे : महानन्द विमली
स्थायी ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२

७. **खेम कुमारी सेल्वाल**
ना.प्र.नं.: २३३७५१७
जारी मिति : २०४६/०२/१०, जि.प्र.का. झापा
बाबु : यमनाथ सेल्वाल
बाजे : इश्वरी प्रसाद सेल्वाल
स्थायी ठेगाना: झापा जिल्ला, डागीवारी गा.वि.स., वडा नं. ०४
हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं ०२

८. **हेम राज संग्रौला**
ना.प्र.नं.: ८८८३
जारी मिति : २०५३/०५/२७, जि.प्र.का. पाँचथर
बाबु : रुद्र प्रसाद संग्रौला
बाजे : हरि प्रसाद संग्रौला
स्थायी ठेगाना: पाँचथर जिल्ला, पंचमी गा.वि.स., वडा नं. ०९
हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०४

९. **ऐनुका बिमली**
ना.प्र.नं.: २३३७९५६
जारी मिति : २०४६/०२/१०, जि.प्र.का. झापा
बाबु : हरी लाल नेपाल
ससुरा : खड्ग प्रसाद बिमली
स्थायी ठेगाना: झापा जिल्ला, डागीवारी गा.वि.स., वडा नं. ०८
हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२

१०. **अञ्जना प्रसाई**
ना.प्र.नं.: ३६७/५८
जारी मिति : २०६०/१०/२६, जि.प्र.का. ताप्लेजुङ
बाबु : राम प्रसाद प्रसाई
बाजे : परमानन्द प्रसाई
स्थायी ठेगाना: ताप्लेजुङ जिल्ला, हाङपाङ गा.वि.स., वडा नं. ०८
हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं ०२

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **खेम राज बिमली**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ६१९ र ६२१ को क्षेत्रफल क्रमश: ०-०-१९ र ०-०-९ (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **ऐनुका बिमली**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स., वडा नं. ४ स्थित कित्ता नं. ६१८ र ६२० को क्षेत्रफल क्रमश: ०-०-१५ र ०-०-७ (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

३. **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला चारपाने गा.वि.स., वडा नं. ५ स्थित कित्ता नं. ८३९, ८०२, ९८४, ८३८, ९८५ र १६६५ को क्षेत्रफल क्रमश: ०-४-१५-०, ०-१-०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-१०-० र ०-७-१०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

४. **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला चारपाने गा.वि.स., वडा नं. ५ स्थित कित्ता नं. २१४७ को क्षेत्रफल १-०-१५-२.९ (बि.क.धु.क) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

५. **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स., वडा नं. ७ स्थित कित्ता नं. १७०२ र १७०४ को क्षेत्रफल क्रमश: ७३३ र १२४७.१५ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

६. **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला गरामनी गा.वि.स., वडा नं. ९ स्थित कित्ता नं. २२९ र ९०९ को क्षेत्रफल क्रमश: ८० र ४४०२.७५ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

७. ऋणी **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.**को स्वामित्वमा रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ५ स्थित गोदाममा रहेको सम्पूर्ण चल/अचल श्रीसम्पत्ति (Plant and Machinery) तथा अन्य सामानहरु।

८. धनि कुमारी बैंक लि. र ऋणी **पाथिभरा स्टिल इण्डष्ट्रिज प्रा.लि.** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. MALPC812LLM082548*K, ई.नं. G4FLLV082837, सवारी नं. प्रदेश ३-०१-०२४ च-२१५३ को Hyundai Creta थान १।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८१ भदौ ०१ गते** भित्र बैंकको शाखा कार्यालय बिर्तामोडमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बिर्तामोडबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८१ भदौ ०२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बिर्तामोडमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बिर्तामोडमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८१ भदौ ०२ गते आइतबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बिर्तामोड फोन नं. ०२३-५३४५४०**

# चर्च ब्वाइजलाई चुनौती दिन तयार पारो





त्रिभुवन विमानस्थलमा भुटानी क्लब पारो एफसीलाई स्वागत गर्दै चर्च ब्वाइजका पदाधिकारी (बायाँ) र तीनपटक विश्वकप खेलेका जापानका केइसुकी होन्डा। *तस्बिर : एन्फा*

काठमाडौं, साउन २६ (नागरिक)- भुटानी लिग च्याम्पियन पारो एफसीका प्रशिक्षक पुष्पलाल शर्माले अनुभवी खेलाडी सम्मिलित आफ्नो टोलीले यसपल्ट राम्रो तयारी गरेकाले एएफसी च्यालेन्ज लिगको प्लेअफमा सुखद प्रदर्शन गर्ने बताएका छन्।

पारोले आगामी साउन २९ गते दशरथ रंगशालामा नेपालको लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडविरुद्ध चुनौती प्रस्तुत गर्दै छ। उक्त प्लेअफ खेल्न पारो एफसी शनिबार नै नेपाल आइपुगेको छ। त्रिभुवन विमानस्थलमा पत्रकारसँगको कुराकानीमा पारोका प्रशिक्षक शर्माले मच्छिन्द्र फुटबल क्लबसँग भएको पछिल्लो खेलको तुलनामा उत्कृष्ट प्रदर्शन गर्ने आशा व्यक्त गरेका छन्। गत संस्करण एएफसी कपको प्रारम्भिक चरणको खेलमा पारो मच्छिन्द्रसँग ३-२ ले पराजित भएको थियो। 'यसपल्ट राष्ट्रिय टोलीका राम्रा र क्षमतावान् खेलाडी छन्। जापानिज स्टार केइसुके होन्डासहित उत्कृष्ट विदेशी खेलाडी अनुबन्धित गरेका छौं र टोली बलियो बनेको छ,'प्रशिक्षक शर्माले भने, 'यसपल्ट तुलनात्मक रूपमा बलियो प्रदर्शन गर्छौं।'

होन्डा तीन पटक विश्वकप खेलिसकेका अनुभवी खेलाडी हुन्। उनी पछिल्ला केही वर्ष कम्बोडियाको प्रशिक्षकसमेत बनेका थिए। तर, एएफसी च्यालेन्ज लिगको प्लेअफ खेल्न उनी पारोमा जोडिएका हुन्। उनको आगमनले अन्य खेलाडीलाई पनि प्रोत्साहन मिलेको प्रशिक्षक शर्मा बताउँछन्। प्राविधिक रूपमा पनि होन्डाले टोलीलाई मजबुत बनाएको पारोका प्रशिक्षक शर्मा र कप्तान किन्ले वाङ्चुकेको विश्वास छ।

दशरथ रंगशालाले अन्तर्राष्ट्रिय मान्यता नपाउँदा पछिल्ला केही अन्तर्राष्ट्रिय खेल घरेलु मैदानमा हुन सकेका थिएन। अस्थायी रूपमा अन्तर्राष्ट्रिय मान्यता पाएसँगै दशरथ रंगशालामा पहिलोपटक अन्तर्राष्ट्रिय प्रतिस्पर्धा हुन लागेको हो।

यद्यपि, उक्त मैदानमा खेल्न सहज नहुने कप्तान वाङ्चुकको भनाइ छ। प्रशिक्षक शर्मा पनि पछिल्लो भेटमा उक्त मैदानमा खेल्न आफ्नो टोलीका लागि कठिन बनेको उल्लेख गर्छन्। 'हामी भुटान टर्फमा खेल्छौं। त्यसैले पछिल्लो त्यहाँ खेल्न गाह्रो भएको

## एएफसी च्यालेन्ज लिग प्लेअफ

थियो। अहिले ग्राउन्डको कन्डिसनअनुसार तयारी गरेका छौं,' प्रशिक्षकले भने। आफ्नो प्रतिद्वन्द्वी चर्च ब्वाइजका बारेमा राम्रो जानकारी रहेको पनि उनको भनाइ छ। 'चर्च ब्वाइजमा अधिकांश नेपालका राष्ट्रिय खेलाडी छन्। तीनमध्ये दुई विदेशी खेलाडीबारे पनि जानकार नै छु,' प्रशिक्षकले भने।

पारोका कप्तान वाङ्चुकले पछिल्लो नेपाल भ्रमण सुखद नभए पनि यसपल्ट टोली सकारात्मक लक्ष्यसहित आएको बताए। 'अहिले भुटानमा लिग खेलेर आएका छौं। त्यसैले टोली सेट भएको र सन्तुलित पनि छ। होन्डाको आगमनले टोलीमा उत्प्रेरणा मिलेको छ। तयारी पनि राम्रो भएकाले यसपल्ट जित्ने विश्वासमा छौं,'उनले भने। टोली निर्माणमा क्लबले धेरै लगानी गरेकाले केही दबाबमा पनि हुने उनले उल्लेख गरे। यद्यपि, कप्तान किन्ले आफ्नो टोली कृत्रिम टर्फमा खेलेको र दशरथ रंगशालामा १/२ दिनको तयारीमा घुलमिल हुन कठिन हुने सक्नेमा उनी चिन्तित छन्।

उनले पनि चर्च ब्वाइज बलियो रहेकाले कडा प्रतिस्पर्धा हुने आशा गरेका छन्। चर्च ब्वाइजले शुक्रबार मात्र पत्रकार सम्मेलन गरेर प्रारम्भिक चरणको खेलमा राम्रो प्रदर्शन गर्ने बताएको थियो। यद्यपि, पारोमा ११ जना विदेशी खेलाडी रहेकाले केही सचेत भएर खेल्नुपर्ने चर्च ब्वाइजका प्रशिक्षकको भनाइ थियो। उनले अधिकांश नेपाली सिनियर राष्ट्रिय टोलीमा रहेका खेलाडी क्लबमा आबद्ध गरिएकाले टिम कम्बिनेसन पनि राम्रो भैरहेको उल्लेख गरेका थिए। च्यालेन्ज लिग प्लेअफमा चार देशका लिग च्याम्पियनले खेल्दैछन्। चर्च ब्वाइजले पारो एफसीसँग खेल्दा किर्गिस्तानको लिग च्याम्पियन अब्दिस एटा कान्टले अफगानिस्तानको लिग च्याम्पियन क्लब अट्याक इनर्जीसँग खेल्ने तय छ।

दुई विजेताले अघिल्लो चरणको यात्रा तय गर्नेछन्। अघिल्लो सिजनमा मच्छिन्द्रले पारो एफसीलाई नै हराउँदै दोस्रो चरणको यात्रा तय गरेको थियो। तर, दोस्रो चरणमा भारतीय क्लबसँग पराजित हुँदा मच्छिन्द्रले यात्रा टुङ्गाउनु परेको थियो। एएफसीले प्रारम्भिक चरणमा जति पनि विदेशी खेलाडी राख्ने पाउने नियमका कारण केही कठिन हुने चर्च ब्वाइजका प्रशिक्षक महर्जनको भनाइ छ। यस कारण पारोले ११ जना विदेशी खेलाडी क्लबमा अनुबन्धित गरेको छ। चर्च ब्वाइजले राष्ट्रिय टोलीका डिफेन्डर अनन्त तामाङको कप्तानीमा खेल्दै छ।

एरिक विष्ट, अञ्जन विष्ट र आयुष घलानजस्ता नेपाली टोलीबाट प्रभावशाली प्रदर्शन गरिसकेका खेलाडीलाई चर्च ब्वाइजले अनुबन्धित गरिसकेको छ। पारोले युरोपियन क्लब एसी मिलान र मस्कोलगायतबाट खेलिसकेका ३८ वर्षे होन्डाले यही प्रतिस्पर्धालाई लक्षित गरेर भित्राएको हो। उनको सम्झौता पारोको आगामी यात्राले तय गर्नेछ। उनीबाहेक सर्बियाका गोलकिपर मिलोस सुपिच, जापानी विंगर कोकी नारिता, सर्बियाका अन्य दुई खेलाडी र नेपालबाट उत्कृष्ट प्रदर्शन गरिसकेका विलियम ओपोकीलगायत घानाका खेलाडी पारोले भित्राएको छ।

चर्च ब्वाइजमा अनन्त (कप्तान), एरिक (उपकप्तान), अञ्जन विष्ट, आयुष घलान, लाकेन लिम्बू, दीप कार्की, टेकेन्द्र सिंह थापा, रेम्बो कुमार चौधरी, सञ्जीव विष्ट, छिरिङ लामा, सनिश श्रेष्ठ, सौभाग्य राई, सन्तोष खत्री, रोहन कार्की, विवेक पौडेल, निरज चौधरी, एकराज बुढाथोकी, योगेश गुरुङ, मनीषकुमार जर्गा, आदित्य शाक्य, ओमोलाजा नुरेन करीम (नाइजेरिया), पिटर बान्दा (जाम्बिया), मोजेस ग्याबा त्वाम (घाना) छन्। पारोसँगको खेलका लागि जनरल पारापिटर्फ दुई सय र भिआइपीतर्फ पाँच सय रूपैयाँ टिकट मूल्य तोकिएको क्लबले जानकारी दिएको छ।

## करातेका पदकविजेता सम्मानित



काठमाडौं, साउन २६ (नागरिक)- भुटानमा सम्पन्न आठौं दक्षिण एसियाली कराते च्याम्पियनसिपमा विजेता खेलाडीसहित प्रशिक्षकहरू सम्मानित भएका छन्।

सुस्मिता फाउन्डेसन र च्याम्पियन मार्सल आर्ट एकेडेमीले शनिबार कार्यक्रम आयोजना गर्दै उक्त च्याम्पियनसिपमा स्वर्ण विजेता मीनबहादुर तामाङ र प्रशिक्षकहरू कुशल श्रेष्ठ, दीपक श्रेष्ठ, मन्डेकाजी श्रेष्ठ, श्याम सुनुवार र महेश महर्जनलाई सम्मान गरेको छ। मीनबहादुरले उक्त च्याम्पियनसिपमा पुरुष ६० केजी तौलसमूहमा स्वर्ण पदक जितेका थिए। सम्मान कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले खेलाडीलाई एक लाख एक सय रूपैयाँसहित सम्मानपत्र प्रदान गरे।

सोही अवसरमा खेलाडी अनिल बराम, फुटबल खेलाडी रिहान बुढालाई पनि सम्मानित गरिएको थियो। सम्मान कार्यक्रममा मुख्यमन्त्री लामाले नेपालको खेलकुद विकासका लागि आफूले सक्दो सहयोग गर्ने बताए। सुस्मिता फाउन्डेसनकी सिइओ सुस्मिता तामाङ र च्याम्पियन क्लबकी एमडी सुशीला लामाले खेलाडीहरूलाई प्रोत्साहित गर्न आफूहरू सदैव तयार रहने उल्लेख गरे।

### दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता

# लोगो, मस्कट र गीत सार्वजनिक


नगेन्द्र उपाध्याय

*सुर्खेत, साउन २६*


मंसिर २ देखि ९ गतेसम्म कर्णालीमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लोगो, मस्कट र गीत सार्वजनिक भएको छ।

प्रदेश खेलकुद विकास परिषद्ले लोगो, मस्कट र गीतसँगै एक सय दिनको काउन्टडाउन पनि सुरु गरेको छ। लोगोमा सात प्रदेशलाई प्रतिनिधित्व गर्ने रङ, राष्ट्रिय चरा डाँफे, राष्ट्रिय झण्डा र कर्णाली नदीलाई समेटिएको छ। मस्कटमा कर्णालीको हिमाली जिल्लामा पाइने दुर्लभ वन्यजन्तु रेडपाण्डा राखिएको छ। परिषद्का सदस्यसचिव विश्वामित्र संज्यालले अबको एक सय दिनभित्र मुख्य पाँच वटा कामहरू गरिने बताए। 'पूर्वाधार, बसोबास, यातायात, स्वास्थ्य र सुरक्षालाई प्राथमिकतामा राखेर काम गर्छौं,' उनले भने, 'खेलकुदका गतिविधि कहाँ-कहाँ गर्ने भन्ने तय भइसकेकाले यी पाँच वटा कामहरू त्यतै केन्द्रीत हुन्छन्।'

उनले दशौं खेलकुद प्रतियोगिताको मुख्य आयोजनास्थल प्रदेश रंगशालाको ९० प्रतिशत काम सम्पन्न भइसकेको र बाँकी काम असोजभित्रमा सम्पन्न हुने बताएका छन्। दशौं राष्ट्रिय प्रतियोगिताका लागि कर्णालीमा २४ खेलहरू खेलाइनेछ। बाँकी खेलहरू भने प्रदेश बाहिर आयोजना गर्न राष्ट्रिय खेलकुद परिषद्लाई सिफारिस गरिएको संज्यालले जानकारी दिए। कर्णालीका १० जिल्लामध्ये अधिकांस खेलहरू सुर्खेतमा हुने भए पनि केही खेल हिमाली र पहाडी जिल्लामा पनि आयोजना हुनेछन्। राष्ट्रिय सडक सञ्जालको पहुँच पनि नपुगेको हुम्लामा समेत दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका केही खेलहरू हुनेछन्।

परिषद्ले हुम्लामा हक्की खेल खेलाउने तयारी गरेको छ। '२०४३ सालमै राष्ट्रिय जुडो खेल हुम्लाले





आयोजना गरेको थियो,'सदस्यसचिव संज्यालले भने, 'यो पटक हुम्लामा हक्की खेलको आयोजना गर्ने कार्यतालिका तय गरेका छौं।' मुगुको रारातालनजिकै कबड्डी प्रतियोगिता हुनेछ। दुई महिनाअघि परिषद्ले रारातालमा कबड्डी प्रतियोगीताको सफल आयोजना गरिसकेको छ। केही खेलहरू जुम्ला, कालिकोट, दैलेख र रुकुम पश्चिममा आयोजना हुनेछन्। नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा भने ३६ वटा खेलहरू समावेश थिए। कर्णालीमा आवास र पूर्वाधारको समस्या हुने भएकाले खेल संख्या घटाइएको उनले जानकारी दिए।

परिषद्ले प्रतियोगिताको उद्घाटन हुनुभन्दा ६ दिन अगाडि नै खेलकुदका खेलहरू सञ्चालन गर्ने जनाएको छ। 'सुर्खेतमा भने १६ वटा खेल खेलाइनेछ। प्रदेश राजधानी वीरेन्द्रनगरमा प्रदेश रंगशालासहित दुई वटा क्रिकेट मैदान, एक रग्बी मैदान, फुटबल मैदानलगायतका संरचना तयारी अवस्थामा छन्।

केही खेलहरू सुर्खेतको पूर्वी क्षेत्र र पश्चिम क्षेत्रमा खेलाइने योजना परिषद्को छ। परिषद्ले विभागीय खेलाडीहरूको बसोबासको व्यवस्था सम्बन्धित निकायलाई नै जिम्मेवारी दिनेगरी प्रस्ताव गरेको छ। रिषद्ले भदौबाट प्रदेशस्तरीय छनोट र क्लोज क्याम्पमा राख्ने तयारी गरेको छ। सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले आफ्नो पहिलो नीतिगत निर्णयमै खेलकुद संरचना निर्माण, खेलाडी छनोट र प्रशिक्षणका लागि आवश्यक पर्ने १६ करोड रूपैयाँ बजेट माग गर्ने निर्णय गरेका छन्।

परिषद्ले स्रोत सुनिश्चित नहुँदा खेलाडी छनोटका साथै बन्द प्रशिक्षण संचालन गर्न सकेको छैन। कर्णाली प्रदेशले यसपटक दुई अंकको स्वर्ण पदकको लक्ष्य राखेको छ। प्रदेश खेलकुद परिषद्का अनुसार टेनिस, जिम्न्यास्टिक, सफ्ट टेनिस, स्क्वास, आर्चरी, फेन्सिङ, सेपाकताक्रो, सुटिङ, गल्फ, साइक्लिङ, ट्रायथोलन र प्याराग्लाइडिङका खेलहरू कर्णालीमा आयोजना गर्न नसकिने भएकाले अन्य स्थान छनोट गर्न राष्ट्रिय खेलकुद परिषद् लाई पत्राचार गरिएको जनाएको छ।

# दोस्रोपल्ट म्याराथनमा प्रतिस्पर्धा गर्दै सन्तोषी

काठमाडौं, साउन २६ (नागरिक)- पेरिस ओलम्पिक २०२४ मा नेपालबाट सहभागिता जनाएका सातमध्ये ६ खेलाडी प्रारम्भिक चरणबाटै बाहिरिसकेका छन्।

तर, एक खेलाडीको प्रतिस्पर्धा भने बाँकी छ। ती हुन् एथलेटिक्सकी सन्तोषी श्रेष्ठ। दक्षिण एसियाली खेलकुद (साग) को इतिहासमा नेपाललाई एथलेटिक्सतर्फ स्वर्ण दिलाउने उनी पहिलो महिला खेलाडी हुन्। घरेलु भूमिमा सम्पन्न १३औं सागमा उनले १० हजार मिटर दौड ३५ मिनेट ७.९४ सेकेन्डमा पूरा गर्दै नेपाललाई स्वर्ण दिलाएकी थिइन्। गत १९औं एसियाली खेलकुदमा पनि उनले सहभागिता जनाएकी थिइन्।

३० वर्षीय सन्तोषीले युनिभर्सालिटी कोटाअन्तर्गत पेरिस ओलम्पिकको म्याराथनमा आफ्नो स्थान सुरक्षित गरेकी हुन्।

नेपाल ओलम्पिक कमिटी र नेपाल एथलेटिक्स संघले सन्तोषीको सहभागिताका लागि नाम सिफारिस गरेको थियो। यो पहिलो ओलम्पिक भएको कारण आफू उत्साहित रहेको उनले बताइन्। तर, ओलम्पिक भिलेज पहिलोपल्ट देखेको कारण आफू थोरै नर्भस रहेको पनि उनले सुनाइन्। 'बाल्यकालदेखि नै यो स्थानमा पुग्ने सपना थियो। तर, म केही नर्भस भए पनि मेरो सपनाको सुरुआत गर्दै छु। त्यसैले उत्साहित पनि छु,'उनले भनिन्।

आफ्नो लक्ष्य राष्ट्रिय कीर्तिमान तोड्ने र समय सुधार गर्नु रहेको उनले बताइन्। बंगलादेशमा सम्पन्न बंगबन्धु शेख मुजिब ढाका म्याराथन २०२४ मा उनले स्वर्ण जितेकी थिइन्। निर्धारित दूरी दुई घन्टा ४६ मिनेट २२ सेकेन्डमा पार गरेकी थिइन्। यो नै उनले दौडिएको पहिलो र एक मात्रै म्याराथन हो। त्यस क्रममा उनले नेपालकै पुष्पा भण्डारीको नाममा रहेको दुई घन्टा ४८ मिनेट २ सेकेन्डको कीर्तिमान भंग गरेकी थिइन्।

उनै सन्तोषीले आइतबार पेरिस ओलम्पिकमा नेपालको अन्तिम चुनौतीका रूपमा प्रतिस्पर्धा गर्दैछिन्।








**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय न्यूरोड नेपालगंज, बाँकेको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना**

प्रकाशित मिति : २०८१/०४/२७ गतेको नागरिक राष्ट्रिय दैनिक

प्रथम पटक प्रकाशित मिति : २०८१/०४/०८ गतेको नागरिक राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०२/०४ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फर्छ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरि मिति २०८१/०४/०८ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनै पनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभाक्ता संरक्षण कार्यालय नेपालगंज, बाँकेमा मिति २०७७/०९/०५ गते प्रा.फ.र.नं ३३३२४/०७७/०७८, स्था.व्या. तथा आन्तरिक राजस्व कार्यालय, नेपालगंजमा मिति २०७७/०९/०९ मा स्थायी लेखा नम्बर (PAN) ६१४५९२५८० अन्तर्गत दर्ता कायम भएको **गीता वर्मा ट्रेडर्स**।

**प्रोप्राईटर : गीता वर्मा**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. भवन कुर्मीको बुहारी, राजेश कुमार वर्माको पत्नी, बाँके जिल्ला, साविक पुरैनी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ बस्ने **गीता वर्मा** (ना.प्र.नं. ६६३०२४/४४२, जारी मिति २०६३/११/१५, जि.प्र.का. बाँके)। | २. शिवहरेन कुर्मीको नाति, भवन कुर्मीको छोरा, बाँके जिल्ला, साविक पुरैनी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ बस्ने **राजेश कुमार वर्मा** (ना.प्र.नं. १६३३, जारी मिति २०५३/१०/१०, जि.प्र.का. बाँके)। |
| ३. शिवहरेन कुर्मीको बुहारी, भवन कुर्मीको पत्नी, बाँके जिल्ला, साविक पुरैनी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ बस्ने **मायावति कुर्मी** (ना.प्र.नं. ७/५/१३/०२०४, जारी मिति २०४०/०५/२०, जि.प्र.का. बाँके)। | ४. मतै कुर्मी नाति, शिवहरेन कुर्मीको छोरा, बाँके जिल्ला, साविक पुरैनी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ बस्ने **भवन कुर्मी** (ना.प्र.नं. ७/५/१/३/१२०३, जारी मिति २०४०/०५/२०, जि.प्र.का. बाँके)। |
| ५. शिवहरेन कुर्मीको नाति, भवन कुर्मीको छोरा, बाँके जिल्ला, साविक पुरैनी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ बस्ने **सुरेश कुमार वर्मा** (ना.प्र.नं. ९८२१, जारी मिति २०५९/०४/०७, जि.प्र.का. बाँके)। | ६. शिवहरेन कुर्मीको नाति, भवन कुर्मीको छोरा, बाँके जिल्ला, साविक पुरैनी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ बस्ने **राकेश कुमार वर्मा** (ना.प्र.नं. ६६३०२४/६६, जारी मिति २०६३/११/११, जि.प्र.का. बाँके)। |
| ७. शिवहरेन कुर्मीको नाति, भवन कुर्मीको छोरा, बाँके जिल्ला, साविक पुरैनी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ बस्ने **दिपक कुमार वर्मा** (ना.प्र.नं. ६६३०२४/४६५, जारी मिति २०६३/११/१५, जि.प्र.का. बाँके)। | ८. भवन कुर्मीको नाति, राजेश कुमार वर्माको छोरा, बाँके जिल्ला, साविक पुरैनी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ बस्ने **सुदिप सिंह वर्मा** (ना.प्र.नं. ६६-०१-७२-०२२५३, जारी मिति २०७२/०३/२१, जि.प्र.का. बाँके)। |

**धितोको विवरण**

१. गीता वर्मा ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
२. गीता वर्मा (ना.प्र.नं. ६६३०२४/४४२, जारी मिति २०६३/११/१५, जि.प्र.का. बाँके) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, साविक पुरैनी गा.वि.स. वडा नं. १ हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ स्थित कि.नं. ५०५ को क्षेत्रफल ०-१२-१२ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. मायावति कुर्मी (ना.प्र.नं. ७/५/१३/०२०४, जारी मिति २०४०/०५/२०, जि.प्र.का. बाँके) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, साविक पुरैनी गा.वि.स. वडा नं. १ हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ स्थित कि.नं. ५०४ को क्षेत्रफल ०-१६-० (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. भवन कुर्मी (ना.प्र.नं. ७/५/१/३/१२०३, जारी मिति २०४०/०५/२०, जि.प्र.का. बाँके) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, साविक पुरैनी गा.वि.स. वडा नं. २ हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २२ स्थित कि.नं. ३९५ को क्षेत्रफल ०-०-१५ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय न्यूरोड नेपालगंज, बाँकेबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०५/०९ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय न्यूरोड नेपालगंज, बाँकेमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०५/१० गते १६:०० बजे यस बैंकको शाखा कार्यालय न्यूरोड नेपालगंज, बाँकेमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय न्यूरोड नेपालगंज, बाँकेमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank

शाखा कार्यालय : न्यूरोड नेपालगंज, बाँके
फोन नं. ०८१-५२०४३१
Website : www.siddharthabank.com



**नेपाल रिपब्लिक मिडिया**द्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल